वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

❍वर्ष ८ ❍अंक २०५ ❍श्रेणी 'क' ❍२०७३ वैशाख २४ गते शुक्रबार ❍6 May 2016 ❍पृष्ठ ६ ❍मूल्य रू. ५/-

वरिष्ठ सेफ श्याम दाहालद्वारा संचालित
श्याम दाहाल क्याटरिङ सर्भिस
रानीपौवा, पोखरा-११
फोन:०६१-५२०९७२, ९८५६०३५९७२,९८१३७५४२७७

हाम्रा सेवाहरु : शुभ विवाह, व्रतवन्ध, अन्नप्राशन, जन्मोत्सव आदि पार्टीका लागि आउटडोर, इन्डोर, हाफ वा फुल क्याटरिङ्गको उत्कृष्ट सेवाका साथै लाइट र जेनेरेटर चाहिएमा पनि हामीलाई सम्झनुहोस् ।

प्रचण्डले धोका दिएको कांग्रेसको आरोप

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २३ वैशाख ।

आफ्नै नेतृत्वमा सरकार गठन गर्न अपिल गरेको चौबीस घण्टा नबित्दै एमाओवादी अध्यक्ष प्रचण्ड यूटर्न भएका छन् । नयाँ सरकारबारे छलफल गर्न लाजिम्पाट पुगेको कांग्रेस नेताको टोलि बिहीबार बिहान 'प्रचण्डले धोका दिए' भन्दै फिर्ता भएको छ । प्रचण्डसँग छलफल गर्न पुगेका कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको टोलीका सदस्य विमलेन्द्र निधिले बाहिर निस्किएर फोन गर्दै भने, 'हामीलाई प्रचण्डले धोका दिए ।'

प्रधानमन्त्री केपी शर्मा ओली र प्रचण्डबीच गोप्य समझदारी भएपछि प्रचण्डले कांग्रेस नेताहरुलाई जिल्ल पारेका हुन् । स्रोतका अनुसार सरकारलाई नीति तथा कार्यक्रम ल्याउन दिने र स्थानीय चुनावसम्म एमाले-एमाओवादी सहकार्य गरेर अघि बढ्ने प्रचण्डले एमाले नेतालाई बचन दिएका छन् । आफ्नो पूर्वअडानबाट प्रचण्ड पछि हटेपछि ओली सरकारमाथि आइलागेको संकट तत्कालका लागि टरेको छ । तर, यो प्रकरणपछि एमाओवादी सार्बजनिकरुपमा आलोचित बनेको छ भने पार्टी भित्र पनि अन्तरविरोध चर्किएको छ ।

बैठकमा एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले तत्काल आफ्नो नेतृत्वमा सरकार बनाउन सम्भव नभएको जानकारी कांग्रेसलाई दिएका थिए । लाजिम्पाटस्थित निवासमा नयाँ सरकार गठनबारे छलफल गर्न पुगेका कांग्रेस सभापति देउवासहितका नेतालाई नेतालाई दाहालले 'साथीहरूलाई मनाउन नसकिएको' र नयाँ सरकार गठनको 'नियमावलीमा समस्या देखिएको' भन्दै आफ्नो नेतृत्वमा तत्काल नयाँ सरकार गठन गर्न नसकिने बताएको बैठकमा उपस्थित कांग्रेसका एक नेताले बताए। एमाओवादी अध्यक्ष दाहाललाई उद्धृत गर्दै उनले भने, -'मैले साथीहरूलाई मनाउन सकिनँ, प्रस्तावका लागि तपाईंहरूलाई धन्यवाद, मेरो नेतृत्वमा अहिले सरकार बनाउन सकिएन।' संसदको नियमावलीमा गम्भीर त्रुटि रहेकोले अविश्वास प्रस्ताव लिएर जान जटिलता देखिएको जिकीर दाहालले गरेको ती नेताले बताए। 'नियमावलीको अन्योलबीच अविश्वासको प्रस्ताव अघि बढाउँदा सत्तारुढ दलले रोष्ट्रम घेरेर झडप हुनसक्ने अवस्था देखियो,' दाहाललाई उद्धृत गर्दै उनले भने, 'त्यसैले बजेटअघि सरकार गठन गर्न अगाडि नबढौं।' कांग्रेसका ती नेताले एमाओवादीले आफूलाई धोका दिएको पनि आरोप लगाए। बैठकमा कांग्रेसको तर्फबाट सभापति देउवा, नेता विमलेन्द्र निधि र रमेश लेखक थिए। एमाओवादीका उच्च नेताले कुरा गर्दै आफ्नो पार्टीले कांग्रेसलाई धोका नदिएको र अझै पनि पार्टीले अन्तिम निर्णय गरिनसकेको दाबी गरे। 'नियमावलीमा रहेको त्रुटिका कारण अविश्वासको प्रस्ताव अगाडि बढाउन गम्भीर समस्या देखियो, त्यसलाई कसरी हल गर्ने भन्ने प्रमुख विषय हो,' उनले भने,-'कांग्रेस भने सभामुखलाई निर्देशन दिएर पेलेर अगाडि जाने भन्छ, त्यसरी संसदमा ठूलो झडप निम्तिन्छ।'

उनले नियमावलीमा देखिएको यही त्रुटिलाई समातेर एमाले सरकार नछोड्ने बरु सदनमा रोष्ट्रम घेरेर अविश्वासको प्रस्ताव कार्यान्वयन हुन नदिने निर्णयमा पुगेकोले समस्या आएको बताए। एमाओवादीका नेताले कांग्रेसको समर्थनमा प्रचण्ड नेतृत्वमा सरकार गठन गर्न भने कुनै मतभेद नरहेको बताएका छन्।

यसैबीच बिहीबार बिहान सत्तासाझेदार दल एमाले र एमाओवादीबीच भएको छलफलमा एमाओवादीले कम्तीमा बजेटसम्म सँगै जाने सहमति भएको एमाले नेताले दाबी गरेका छन्। प्रचण्ड निवास लाजिम्पाटमा एमाले नेताद्वय झलनाथ खनाल र वामदेव गौतम सँगको छलफलमा एमाओवादी नेताहरूले यो सरकारले नै बजेट प्रस्तुत गर्ने कुरामा सहमति जनाएको ती नेताले दाबी गरेका छन्। 'यो सरकारलाई अहिले हटाउन संवैधानिक र कानूनी अड्चन रहेको निश्कर्षमा दुबै पार्टी पुगेपछि कम्तिमा बजेटसम्म सँगै मिलेर जाने समझदारी भएको छ,' उनले भने। एमाले नेताहरूसँगको छलफल पछि एमाओवादी अध्यक्ष प्रचण्डले नेपाली कांग्रेसका नेताहरूलाई आफ्नै निवासमा भेटेका थिए। सो बैठकमा उनले संवैधानिक कानुनी जटिलताका कारण तत्काल केपी ओलीलाई हटाएर आफू प्रधानमन्त्री बन्न कठिन रहेको जनाउ दिए। एमाओवादी नेताहरूले भने आफ्नो पार्टी कुनै निर्णयमा पुगिनसकेको र संवैधानिक कानुनी अड्चनलाई कसरी हल गर्न सकिन्छ भन्ने छलफलमा मात्र रहेको दाबी गरेका छन्।

एकै रातमा प्रचण्ड फेरिनुका पाँच कारण !

बुधबार बिहान बसेको एमाओवादी पदाधिकारी बैठकले प्रचण्डको नेतृत्वमा नयाँ सरकार गठन गर्ने निर्णय गर्‍यो । प्रचण्डले अन्य दललाई पनि आफूलाई समर्थन गर्न अपील गरे । तर, २४ घण्टा नबित्दै प्रचण्ड केपी ओलीकै सरकारलाई निरन्तरता दिने पक्षमा उभिए । आखिर एकै रातमा प्रचण्ड किन यसरी फेरिए ? हेर्नुहोस् यसका भित्री रहस्य यस्ता छन् । ***ओलीसँग सम्बन्ध तोड्ने प्रचण्डको इच्छा थिएन :*** *बुधबार बसेको पदाधिकारी बैठकपछि प्रचण्डले नयाँ सरकार गठनको सार्वजनिक अपील गरेता पनि उो उनको भित्री ईच्छाबाट गरिएको अपिल थिएन । एमाओवादीको पदाधिकारीमा रहेका मध्ये उपाध्यक्ष नारायणकाजी श्रेष्ठ केपी ओलीसँग वैचारिक संघर्ष गर्नुपर्छ र सरकारमा पार्टीको प्रभावकारी उपस्थिति देखाउनुपर्छ भन्ने पक्षमा त थिए, तर उनी ओली सरकारलाई ढालेर कांग्रेससँग सहकार्य गर्ने लाइनको विपक्षमा थिए । केपी ओलीसँग प्रचण्ड नरम रुपमा प्रस्तुत भएको मन नपराए पनि उपाध्यक्ष श्रेष्ठले ओलीलाई दबाव दिने रणनीतिको मात्रै वकालत गरेका थिए । प्रचण्ड र नारायणकाजीसँग कार्यनीतिक भिन्नता थियो तर सरकारै ढाल्ने तहमा थिएन । तर, बुधबारको पदाधिकारी बैठकमा सरकार ढाल्नुपर्छ भन्ने नेताहरुको दबावमा प्रचण्ड र नारायणकाजी दुबैजना परे । पदाधिकारीमा रहेका मध्ये सचिव गिरीराजमणि पोखरेल शिक्षा मन्त्रीसमेत रहेकाले उनले सरकार ढाल्ने वकालत गर्ने कुरै भएन । तर, भर्खरै भारत भ्रमणबाट आएका महासचिव कृष्णबहादुर महरा भने एमाले(एमाओवादी गठबन्धन टुटाएर कांग्रेससँग मिल्नुपर्ने पक्षमा उभिए । व्यवस्थापिका संसदको सदस्य नरहेका अर्का सचिव वर्षमान पुन पनि ओली सरकार ढाल्नुपर्छ भन्ने लाइनमा कडारुपमा प्रस्तुत भए । अर्का नेता टोपबहादुर रायमाझी आफैं उपप्रधानमन्त्री भएकाले सरकार फेर्ने लाइनमा उभिने कुरै भएन । यसरी एकातिर ओलीलाई दबाव दिनुपर्छ भन्ने नारायणकाजीको लाइन र अर्कोतर्फ ओलीलाई ढाल्नैपर्छ भन्ने महराको लाइनवीच घालमेल भयो र बुधबार प्रचण्डले नयाँ सरकारवका लागि अपील गर्दै वक्तव्य निकाले । तर, प्रचण्डको भित्री इच्छाविनै आन्तरिक 'प्रेसर'मा गरिएको 'अपील' हुनाले यसको कार्यान्वयन भएन ।*

देउवाले प्रचण्डलाई आश्वस्त पार्न सकेनन् : *कांग्रेस नेता शेरबहादुर देउवाले प्रचण्डलाई प्रधानमन्त्री बनाउन सकिने आश्वासन दिए पनि बहुमतीय भए आफैं प्रधानमन्त्री हुने र सहमतीय भएमात्रै प्रचण्डलाई प्रधानमन्त्री बनाउने खालको भनाइ बाहिर आयो । साथै प्रचण्डलाई केही महिनामै सरकारबाट ढालेर देउवा आफैं प्रधानमन्त्री बन्ने चर्चा पनि चल्यो । र, देउवाले यसलाई चिर्न र प्रचण्डलाई विश्वासमा लिन सकेनन् । कांग्रेसभित्रका पदलोलूपहरुले प्रचण्डलाई प्रधानमन्त्रीका रुपमा नरुचाइरहेको परिस्थितिमा उनले ओली गठबन्धन तोड्दाका जोखिमहरु देखे । देउवाले आफूलाई खेलाउन मात्रै खोजेको जस्तो लागेपछि प्रचण्ड पछि हटे । ओलीसँग मन नलागी नलागी फायर खोलेका प्रचण्डलाई आफ्नो पक्षमा ल्याउन देउवाले जति मेहनत गर्नुपर्थ्यो, त्यो गरेनन् ।*

ओलीको भावनात्मक पक्षले प्रचण्डलाई प्रभावित बनायो : *प्रधानमन्त्री केपी ओली र प्रचण्डको सम्बन्ध शान्ति प्रक्रियाको प्रारम्भिक कालमा राम्रो थिएन । तर, पछि उनीहरु अति निकट भएर संविधान निर्माणमा भूमिका खेलेका थिए । यसैक्रममा केपी ओलीले बुधबार साँझ बुद्धिमत्तापूर्वक प्रचण्डलाई फकाए । ओलीले देखाएको लचकता र भावनात्मक कुराबाट प्रचण्ड प्रभावित भए । अहिले नीति तथा कार्यक्रम एवं बजेट ल्याएपछि प्रचण्डको प्रधानमन्त्रीत्वमा यही गठबन्धनलाई टिकाउने र स्थानीय चुनावमा पनि मिलेर जाने ओलीको प्रस्ताव प्रचण्डलाई कम जोखिमयुक्त लाग्यो, देउवासँग मिल्नुभन्दा ।*

सार्वजनिक आलोचना र सामाजिक सञ्जालको प्रभाव : *एमाओवादी अध्यक्ष प्रचण्डले नयाँ सरकार गठनको अपील गर्नासाथ सामाजिक सञ्जालमा उनको निकै ठूलो आलोचना भयो । प्रचण्डविरुद्ध धमाधम लेख र खुल्लापत्रहरु आउन थाले । सरकार ढाल्ने खेलमा लागेर एमाओवादी पार्टी बदनाम हुने स्थितिमा पुग्यो । राप्रपा नेपाल लगायतका सत्तारुढ दले पनि प्रचण्डलाई साथ दिएनन् । यो सबै देखिसकेपछि सहमतिको सरकार नबन्ने र शेरबहादुर देउवाका हातमा सत्ताको साँचो जानसक्ने देखेपछि प्रचण्ड २४ घण्टा नपुग्दै 'लिक'मा फर्किए ।*

र, भारतको चलखेल बुझेपछि : *विगतमा सांसद खरीदका लागि चीनियाँसँग पैसा मागेको आरोप लागेका एमाओवादी नेता कृष्णबहादुर महरा केही समय पहिले दिल्ली गएका थिए । अख्तियारले घाँटीमा त्रासको घण्टी बाँधिदिएपछि महरा यतिबेला भारतीय एजेण्डामा लागेको आरोप लागिरहेको थियो । महरा र देउवाकै कुरो सुनेर ओली सरकार ढाल्ने भारतीय एजेण्डामा प्रचण्डले सामान्य सहमति जनाए पनि एक रात सोचेपछि उनले महरा र देउवाको लाइनबाट आफूलाई मुक्त गरे । कुनै पनि निर्णय लिनका लागि प्रचण्ड 'डाइनामिक' नेता मानिन्छन् । त्यसैले उनले एउटा गल्तीलाई ढाकछोप गर्न अरु गल्तीहरु गर्दै जानुभन्दा २४ घण्टामा फनक्कै घुमेर पहिलेकै ठाउँमा फर्किए । प्रचण्डको पछिल्लो निर्णयलाई सामाजिक सञ्जालमा धेरैले सही निर्णय भन्दै प्रशंसा गरेका छन् ।*

सरकारको नीति तथा कार्यक्रम पारित

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २४ वैशाख ।

सरकारले संसदमा आइतबार पेश हुने बाषिर्क नीति तथा कार्यक्रम पारित गरेको छ । मन्त्रिपरिषदको बिहीबार साँझ बसेको बैठकले नीति तथा कार्यक्रम पारित गरेको हो । उक्त नीति तथा कार्यक्रम राष्ट्रपतिले आइतबार पेश गर्ने कार्यक्रम छ । सत्ता गठबन्धनमा खटपट मिलाउने दौडधुपका कारण बिहीबार बिहानका लागि तय भएको मन्त्रिपरिषद् बैठक साँझ मात्र बसेको थियो । सरकारले बजेटका सिद्धान्तहरुहरु बिहीबार नै संसदमा पेश गरिसकेको छ ।

मन्त्रिपरिषद्ले भूकम्प प्रभावितहरुको संरचन सम्बन्धि कार्यविधि स्वीकृत गरेको छ । दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि जग्गा अधिग्रहण गर्ने र स्वदेशी स्रोत प्रयोग गरी निर्माण गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ । दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल बाराको निजगढमा बनाउने योजना छ ।

पत्रकारहरुको न्यूनतम पारिश्रमिक १९ हजार ५ सय कायम गर्ने निर्णय गरेको छ । न्यूनतम पारिश्रमिक निर्धारण समितिले गरेको सिफारिस अनुसार नै मन्त्रिपरिषद् न्यूनतम पारिश्रमिक निर्धारण गरेको हो । यसअघि पत्रकारको न्यूनतम पारिश्रमिक १० हजार ५ सय थियो ।

सहिदचोक-हल्लनचोक सडक नमूना बन्दै

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

पोखराको लेकसाईड क्षेत्रको सडक नमूना बनाईने भएको छ । विश्व बैंकको सहयोगमा सडक डिभिजन कार्यालय पोखराले सहिदचोकदेखि हल्लनचोक सम्मको सडकलाई नमूना बनाउने तयारी गरेको हो ।

नमूना सडक बनाउन सडक सुरक्षा सम्बन्धी काम गरिने सडक डिभिजन कार्यालय पोखराले जनाएको छ । फुट ट्र्याक र साईकल ट्र्याक निर्माण गरिने र ठाउँ-ठाउँमा पर्यटन सूचना केन्द्र ब्यवस्थापन गरिने कार्यालयका प्रमुख नरेन्द्र सुवेदीले जानकारी दिए । सडकको स्तरोन्नतीका लागि करिब १० करोड रुपैयाँ लगानी गर्ने तयारी छ ।

सडकको सुन्दरता झल्काउने गरी रङ्गरोगन र मार्किङ गर्छौं, सुवेदीले भने-लेकसाईड क्षेत्रको करिब साढे दुई किलोमिटर सडकमा काम हुन्छ । यहाँको सडकलाई अपाङ्गमैत्री बनाईनेछ भने दायाँ बायाँ रेलिङ्ग समेत राखिनेछ । सडक स्तरोन्नतिका लागि ठेक्का सम्झौता समेत भैसकेको छ ।

स्वदेशी तथा विदेशी पर्यटकको आकर्षणको केन्द्र फेवाताल अवलोकन र लेकसाइडको बजार विस्तारका लागि यो सडकको स्तरोन्नती निकै महत्वपूर्ण सावित हुने बताईएको छ । पर्यटन ब्यवसायीले पनि लामो समयदेखि स्तरोन्नति हुन नसकेको यो सडक नमूना बनाउन सके पर्यटन क्षेत्रमा थप टेवा पुग्ने बताए । करिब १४ बर्ष अघि सडक निर्माण भएदेखि अहिलेसम्म यो सडकको स्तरोन्नति हुन सकेको छैन । सडक स्तरोन्नति हुने भएपछि पर्यटन ब्यवसायी भने हर्षित भएका छन् ।

फुटको संघारमा वैद्य नेतृत्वको माओवादी

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २४ वैशाख ।

एमाओवादी पार्टीसँग एकता गर्ने मुद्दाका कारण मोहन वैद्य नेतृत्वको माओवादी पार्टी टुक्रने लगभग निश्चित भएको छ।

अबको ५ दिन भित्रमा कुनै अनपेक्षित घटना नघटे आगामी साता पार्टी औपचारिक रूपमा टुक्रने छ। पार्टी नेता राम बहादुर थापा 'बादल' ले आगामी २८ गते छुट्टै केन्द्रीय समितिको बैठक बोलाएका छन् भने पार्टी अध्यक्ष बैद्यले उक्त बैठक अवैधानिक भएको भन्दै केन्द्रीय सदस्यलाई त्यसमा भाग नलिन अनुरोध गरेका छन्। बिहीबार एक विज्ञप्ति जारी गरि वैद्यले उक्त 'अबैधानिक' बैठकमा उपस्थित नहुन केन्द्रीय सदस्यलाई आवहान गरेका हुन्।

के पार्टी टुक्रन लागेको हो भन्ने प्रश्नको जवाफमा पार्टी केन्द्रीय सदस्य लेखनाथ न्यौपानेले भने,'कुरा अप्रिय हो, हामी अझै पार्टी टुक्रियोस् भन्ने चाहँदैनौं। तर तपाईंलाईभन्दा म बस्तुनिष्ठ पनि हुनुपर्छ। हो, तपाईंले भनेकै दिशामा पार्टी गएको हो।' निरन्तर टुक्रने र कमजोर हुँदै गएका माओवादी पार्टीबीच एकता हुनुपर्छ भन्नेमा विभिन्न पार्टीमा रहेका माओवादीहरू सहमत छन्। वैद्य नेतृत्वको माओवादी पार्टीमा बादल नेतृत्वको समूहले

बाँकी अन्तिम पृष्ठमा......

'संविधान कार्यान्वयनमा कांग्रेसले अग्रसरता लिनुपर्छ'

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

नेपाली कांग्रेस लेखनाथ नगर समितिको आयोजनामा लेखनाथ ११ वेगनासतालमा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । प्रशिक्षणमा प्रमुख प्रशिक्षक नेपाली कांग्रेस महासमितिका सदस्य देवराज चालिसेले कांग्रेसको नेतृत्वमा नयाँ संविधान जारी भएकाले अव संविधान कार्यन्वयन पनि कांग्रेसले अग्रसरता लिनुपर्ने बताए ।

नेता चालिसेले अब आर्थिक क्रान्तिका लागि घरबाट परिवर्तनको शुरुवात गर्नुपर्ने आवश्यक भएको भन्दै कांग्रेस नेता तथा कार्यकर्तालाई व्यवसायिक हुन पनि आग्रह गरे । ओली सरकारले अन्तर्राष्ट्रिय कुटनीतिक सम्बन्ध विगारेकोले परराष्ट्र नीतिलाई सन्तुलित कायम राख्न नसकेको आरोप लगाउँदै पुन:निर्माणको कार्य पूरा गरी विकास निर्माणको कार्य गर्न कांग्रेसको विकल्प अरु कुनै पार्टीले गर्न नसक्ने ठोकुवा समेत गरे ।

कार्यक्रमका प्रमुख अतिथि एवं नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण केसीले सबै कांग्रेसीजनहरु एक भएर स्थानीय निर्वाचनमा लाग्नुका साथै समाज रुपान्तरमा अग्रसर हुन आग्रह गरे । उनले नेपाली कांग्रेसको सिद्धान्तलाई प्रत्येक नेपालीको घर-घरमा पुर्‍याउन नेता तथा कार्यकर्तालाइ आग्रह समेत गरे ।

कार्यक्रममा नेपाली कांग्रेस लेखनाथ नगर सदस्य कल्याणबाबु भण्डारी, क्षेत्रीय उप-सभापति शरदराज सुवेदी, नगर समितिका सचिव ध्रुबनाथ अधिकारी, कास्की जिल्ला सदस्य रामबाबु भण्डारी, नेपाल महिला संघ कास्की जिल्ला सभापति कोपिला रानाभाट, नगर सभापति राजेन्द्रमणि लामिछाने, वार एशोसिएसन कास्कीका अध्यक्ष खगेन्द्र आचार्य, स्थानीय नेताहरु कृष्ण प्रसाद ढुङ्गाना, निर बहादुर चर्माकार, ठाकुर कंडेल लगायतले सबै एक भएर विकासमा अग्रसर हुनपर्नेमा जोड दिएका थिए । नेपाली कांग्रेस लेखनाथ वडा नं.११ का सभापति तारमणि घिमिरेको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वगत मन्तव्य महेश पौडेलले गर्नुका साथै सचिव नवराज ओझाले कार्यक्रम संचालन गरेका थिए।

दलित शक्ति नेपाल कास्की संयोजकमा परियार

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

दलित शक्ति नेपाल कास्कीको प्रथम जिल्ला भेला नयाँ शक्ति नेपाल क्षेत्र नं. ४ को कार्यालयमा बिहीबार सम्पन्न भएको छ । कास्की जिल्लामा रहेका उत्पीडित दलितहरुको उपस्थितिमा दलित शक्ति नेपाल कास्कीले आयोजना गरि कार्यक्रम सम्पन्न गरेको हो ।

कार्यक्रमकी प्रमुख वक्ता नयाँ शक्ति नेपाल तथा दलित शक्ति नेपालकी केन्द्रीय सदस्य सुशिला सेर्पालीले आर्थिक समृद्धिबाट हाम्रो समाज, देश समुन्नत बनाउनु पर्छ भन्ने तर्क राखेकी थिईन् साथै देशमा रहेको अशिक्षा, बेरोजगार, उत्पीडनको अन्त्य नयाँ शक्तिले गर्ने बताईन् । उक्त भेलाले कास्की जिल्लाका लागि पछि थप गर्ने गरि २४ सदस्यीय कमिटी गठन गरेको छ । जसमा संयोजकमा राजकुमार परियार रहेका छन् भने सदस्यमा जुम बहादुर परियार, राजु परियार, ओमप्रकाश सुनार, परशुराम परियार, विष्णु नेपाली, कृष्ण नेपाली, रामबहादुर सुनार, भुवन परियार, राजेश परियार, खड्के सुनार, याम कुमारी बिक, गंगा बहादुर खाती, कृष्ण बहादुर बिक, लक्ष्मी नेपाली, सुष्मा परियार, रामजी परियार, सन्तोष नेपाली, डम्मर नेपाली,

बाँकी अन्तिम पृष्ठमा......

आज मातातीर्थ औंसी

पोखरा २४ वैशाख ।

नौ महिनासम्म गर्भमा राखेर जन्म दिने आमालाई सम्मान गर्न वैशाख कृष्णऔंसीका दिन आज शुक्रबार आमाको मुख हेर्ने दिनका रुपमा मनाइँदैछ । जीवित आमालाई मीठो खान लाउन दिई सम्मान गरिन्छ भने दिवङ्गत आमाको सम्झनामा तर्पण, पिण्ड दान र श्राद्ध गरी सम्झना गरिन्छ । आजका दिन मातृश्राद्ध गरे अक्षय पुण्य प्राप्त भई आमाले तृप्ति पाउने शास्त्रमा उल्लेख गरिएको नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउँछन्।

"शास्त्रमा बाबुभन्दा आमा दशगुणा बढी मान्य हुन्छिन् भनी व्याख्या गरिएको छ, मातृदेवो भव भनेर सबैभन्दा पहिले भनिन्छ, त्यसपछि मात्र पितृदेवो भव, आचार्यदेवो भव भनिन्छ, यसैबाट शास्त्रले आमालाई महत्व दिएको स्पष्ट हुन्छ" उनले भने । "कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवती" अर्थात् छोरा कुपुत्र भए पनि आमा कहिल्यै कुआमा हुँदिनन् भन्ने भनाइ नै छ ।

जीवित अथवा दिवङ्गत दुवै आमाको तृप्तिका लागि आजको दिनलाई पुण्यतम पर्व मानिन्छ । आजका दिन काठमाडौँको पश्चिमी भेगमा रहेको मातातीर्थमा आमाको सम्झनामा श्राद्ध गर्ने भक्तजनको भिड लाग्छ ।

काठमाडौंको बौद्ध धर्मावलम्बी समेत यहाँ दिवङ्गत आमाको सम्झनामा श्राद्ध गर्न आउँछन् । आमा हुनेहरुले आजका दिन आफूलाई मन पर्ने मीठा मीठा खानेकुरा र वस्त्र आमा लगायत गुरुआमा, सासू र काकीहरुलाई दिने र आशीर्वाद ग्रहण गर्छन् ।

हिमागृह भाडामा नदिन पोखरेलीको आग्रह

गोल्डेन न्यूज संवाददाता
पोखा २३ वैशाख ।

नेपाल ट्रस्टको कार्यालय, दरबारमार्ग काठमाडौंले गत बैशाख १८ गतेको गोरखापत्रमा हिमागृहलाई भाडामा दिने प्रयोजनले १५ दिने सूचना प्रकाशित गरेकोमा पोखरेली समुदायको तर्फबाट उक्त सूचनाको आधारमा विरोध जनाइएको छ ।

पोखराको रत्न मन्दिरसँगै जोडिएको हिमागृह पोखरेली समुदायका लागि ताल, हिमाल, वनजंगल र गुफा जस्तै ऐतिहासिक र प्राकृतिक महत्व राख्ने सम्पदा भएकोले सामूहिक चासो र चिन्ताको विषय हो भन्दै पटक पटकको छलफल, अन्तरक्रिया र गोष्ठीका क्रममा हिमागृह समेतको रत्न मन्दिर परिसरलाई सम्पदा क्षेत्र, जैविक विविधता पार्क र संग्रहालयका रुपमा संरक्षण गर्ने एक सूत्रीय अभिमत व्यक्त भएको स्मरण गराउँदै सार्वजनिक महत्व राख्ने हिमागृह रत्न मन्दिरको अभिन्न भूभाग समेत भएकोले कुनै पनि बहानाबाजीमा निजी क्षेत्रलाई भाडामा दिने कार्यलाई अविलम्ब खारेज गर्न आग्रह गरिएको छ ।

नागरिक समाज पोखराका संयोजक रामबहादुर पौडेलको विशेष पहलमा राष्ट्रिय सम्पदा संरक्षण समिति नेपाल, रत्न मन्दिर फेवाताल सरोकार समिति, पोखरा सम्पदा संरक्षण समिति, राष्ट्रिय पर्यटन प्रबर्द्धन समिति, पोखरा पर्यटन परिषद्, पोखरा उद्योग बाणिज्य संघ, रेवान पोखरा, पश्चिमाञ्चल होटल संघ, टान पश्चिमाञ्चल, नाट्टा पश्चिमाञ्चल र नगर महिला समन्वय समिति पोखराले हस्ताक्षर गरेको विरोधपत्रलाई नेपाल ट्रस्टको पोखरा कार्यालय मार्फत आजै केन्द्रीय कार्यालय काठमाडौ पठाइएको छ । उक्त अभियानलाई राष्ट्रिय पर्यटन परिषद्का सदस्य बासु त्रिपाठी, नेपाल पर्यटन बोर्डका पूर्व सदस्यहरु अग्नि कँडेल र टीकाराम सापकोटाले ऐक्यबद्धता जनाएका छन् ।

साहित्य

गजलहरु

लालु क्षेत्री/चितवन

बनावटी चाहना होइन यो,नरिसाउ प्रिय ।
तिम्रो जीवन मात्र मेरो,अन्त नबिसाउ प्रिय ॥

❖❖❖

नतमष्तक भै सधैंभरी तिमीलाई नै चाहेको छु
ख्याल सम्झी मलाई तिमी नगिज्याउ प्रिय ।

❖❖❖

चरित्र आफ्नो ख्याल गरी अघि बढ्नु सधैं
इज्जत लिलाम हुने गरी अरुलाई,नरिझाउ प्रिय।

❖❖❖

चाहना मनका यति धेरै तिमीलाई मात्र पाउने
दिल खोलेर पोख भाव,नलजाउ प्रिय।

❖❖❖

ईशारा र सुस्केराले तिमीसँग कुरा गर्छु
म नै लज्जित हुने गरी नचिच्याउ प्रिय।

विनोद विवस/बाग्लुङ

देखाएर योवन तिम्रो बेहोसी नबनाउ है
पिलाएर नशा धेरै मद्होसी नबनाउ है

तिम्रो बैंशको उन्माद साँझले देखेको छ
विचरा विहानीलाई दोषी नबनाउ है

गोप्य रहुन् जवानीले मातिएका कुराहरु
संसारको अगाडि कोशी नबनाउ है

बनाउन त बनाउ तिम्रो भव्य महल
झुपडीका खुसीहरु खोसी नबनाउ है

इन्कार गर्न सक्छु कति कुराहरु मैले
तिमी आफ्नो मनलाई सन्तोषी नबनाउ है

❖❖❖

तिम्रो मुस्कान तिम्रो बानी साह्रै मन पर्यो
बुझे पनि आनाकानी साह्रै मन पर्यो

रुपरङ्ग नि साह्रै राम्रो जिउडाल पनि सही
मान्छे पनि सानी सानी साह्रै मन पर्यो

कल्कलाउँदो जोवन तिम्रो हर्बराउँदो वैंश
मुखै भयो पानी पानी साह्रै मन पर्यो

मन पराउँछु माया गर्छु थाहा पाएकी छ
नाटक गर्छे जानी जानी साह्रै मन पर्यो

उसैसँग जोडिए छ मेरो सारा सुख दुख
बनाउने हो दिलकी रानी साह्रै मन पर्यो

आजको पञ्चाङ्ग

मिति २०७३ साल वैशाख २४ गते शुक्रबार, तदनुसार मइ ६ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, सौम्यनामक: संवत्सर:, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। वसन्त ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार वैशाखकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज वैशाखकृष्णपक्षको त्रयोदशी अहोरात्र रहनेछ। आज सूर्य मेष राशिमा,चन्द्रमा मीन राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३३ घटि ० पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर २६ मिनेटमा विभिषण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर ३८ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्काको काममा समय बित्नेछ ।

वृष : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने ।

मिथुन : सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा बस्न मन लाग्नेछैन ।

कर्कट : व्यापार व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ ।

सिंह : पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ ।

कन्या : टाढाबाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ ।

तुला : परिवारमा अशान्ति हुनेछ, आफन्तजनबाट धोका, वायुरोगले सताउनेछ ।

वृश्चिक : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

धनु : सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्झट खेप्नु पर्ला सतर्क रहनुहोला ।

मकर : आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ ।

कुम्भ : काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला ।

मीन : नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा बृद्धि हुनेछ, व्यापारबाट लाभ पाईनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

साहित्य/सिर्जना



कवि विष्णु न्यौपाने र जन्मभूमि कविता संग्रह

विन्दु दाहाल मुकदर्शक



साहित्य सिर्जना जीवन जिउने उच्च कला, सीप वा साधना मध्ये एक हो । दुनियाँलाई साहित्यको रसास्वादन गराई आल्हादित बनाउने काम जसकसले गर्नसक्ने लर्तरो कुरा पनि होइन । जोसँग यो विश्व ब्रम्हाण्ड चराचर जगतलाई बुझ्ने अलौकिक शक्ति, ज्ञान र क्षमता हुन्छ उसको हृदय पनि विशाल, शितल र महान हुन्छ । यस्तो फराकीलो हृदयले मात्र सिर्जनाको मूल फुटाएर जन्मभूमि, पूर्वज र अमर शहीदहरूको ऋण तिर्न सक्छ । यस्तै हृदय बोकेर विगत २२ औं वर्षदेखि निरन्तर साहित्य सेवामा आफूलाई समर्पित बनाउँदै आएका एक सिर्जनशील र प्रेरणादायी साहित्यिक प्रतिभाको नाम हो विष्णु न्यौपाने ।

आफैंमा चिरपरिचित बन्दै गएका यी लोकप्रिय कविको जन्म पिता हरिप्रसाद र माता पदमकुमारी न्यौपानेका कोखका १४ सन्तान मध्ये ९ औं सन्तानका रुपमा धनकुटाको चुङमाङमा वि.सं २०३१ कार्तिकमा भएको हो । जीवन यापनको क्रममा मोरङको लेटाङहुँदै हाल झापाको दमकलाई कर्मथलो बनाई निजी व्यवसाय र विविध सामाजिक काममा सम्लग्न हुनुहुने साहित्यकार न्यौपाने गोरो वर्णको मृदुभाषी हुनुहुन्छ । प्राय नहाँसी नबोल्ने, मिजासी र मिलनसार स्वभावका धनी न्यौपाने वि.स. २०५१ सालदेखि छन्दोबद्ध काव्य साधना गर्दै आउनुभएको छ । वि.सं २०६४ सालमा श्रद्धाञ्जली खण्डकाव्य, वि.सं २०७० सालमा जन्मभूमि कविता सङ्ग्रह र वि.सं २०७२ सालमा सूक्ष्म आकाश हाइकु सङ्ग्रह प्रकाशित गरी एक सशक्त कविको स्थान ग्रहण गरिसक्नुभएको छ भने अर्को एउटा कविता सङ्ग्रह, एउटा बाल कविता सङ्ग्रह, गीत, गजल, र मुक्तकहरू प्रकाशनको तयारीमा हुनुहुन्छ ।

कवि विष्णु न्यौपानेको जन्मभूमि कविता सङ्ग्रह अत्यन्त सुन्दर र प्रखर कविताहरूको एउटा उत्कृष्ट सङ्ग्रह हो । यस सङ्ग्रहको खण्ड 'क'मा अति प्रचलित र जनप्रिय छन्द शार्दूलबिक्रीडित, मन्दाक्रान्ता, शिखरिणी, अनुष्टुप, वसन्ततिलका, तोटक, उपजाति, लगायत झण्डै डेढदर्जन छन्द प्रयोग गरी ३८ वटा छन्दोबद्ध कविताहरू सङ्ग्रहित छन् भने खण्ड 'ख'मा मुक्त लयका १५ वटा कविताहरू सङ्ग्रहित छन् । कवि न्यौपानेको मूल मान्यता भनेको सिर्जना कालजयी हुनुपर्छ र जसका लागि स्रष्टाले सिर्जनामा आफ्ना सम्पूर्ण मन, मस्तिष्क वा हृदय नै खन्याउनु पर्छ भन्ने हो । यस अर्थ र दृष्टिकोणबाट हेर्दा साहित्यकार न्यौपानेका कविताहरू साच्चै नै कालजयी छन् । कविता लेख्ने त धेरै होलान् तर एक त छन्दोबद्ध त्यसमा पनि अत्यन्तै दमदार शव्दहरूको कुसल संयोजनबाट सिर्जित भावमय कविताहरू कमैका मात्र हुन्छन् । हृदय स्पर्शी सिर्जना जन्माउनु भनेको चानचुने कुरा होइन तर साहित्यकार न्यौपानेको दीर्घ साधना र छन्द प्रतिको गहिरो अभिरुचीले असम्भवलाई सम्भव बनाएको छ । वहाँले यस संग्रह भित्र सीमा नाघेपछि, जन्मभूमि, छिमेकी, नेपाली युवाको पीडा, कर्मजीवी बनौं, स्वदेश चिनौं जस्ता अत्यन्त सुमधुर कविताहरू प्रस्तुत गर्नुभएको छ । यस सङ्ग्रह मार्फत कवि न्यौपाने हाम्रो समाजमा विध्यमान रहेको अन्याय, अत्याचार, थिचोमिचो र विकृति विसङ्गतिलाई तीखो व्यङ्ग्य प्रहार गर्दै आजको सङ्कीर्ण सोचको मान्छेलाई नैतिक सुधारको सन्देश दिनुहुन्छ । जसलाई यी कविताका सुन्दर काव्यमय पक्तिहरूले पनि पुष्टि गर्दछन् :

आयो हावा शिशिर युगमा बसँदै आस नौलो
फर्की जाग्यो घरहरूतिरै दब्दबे त्यो तुवाँलो ।
जागे झुप्रा सलह जसरी एकताबद्ध बन्दै
भागे सारा घरहरू उठी दाग काला नियाल्दै ॥

विष्णु न्यौपाने एक सशक्त राष्ट्रवादी चेत भएका, प्रकृति प्रेमी स्रष्टाको नाम हो । वहाँका कविताहरूमा राष्ट्र र प्रकृति प्रेम, जन्मभूमि प्रति नतमस्तक भाव र देश प्रतिको जिम्बेवारी तथा अगाध माया पाइन्छ । वहाँको जन्मभूमि कवितामा कवि सिद्धिचरण श्रेष्ठले वखलढुङ्गा कवितामा देखाए जस्तै आफ्नो जन्मथलो प्रतिको अगाध श्रद्धा र असीम माया यसरी देखाउनु भएको छ :

आफ्नै बस्ती वरिपरि बसी वास मीठो निदाइ
मोती जस्तै तरर पसिना झार्छु माटो भिजाई ।
यौटा मात्रै सुख चयनको वासको देश मेरो
नेपालै हो जगत भरिको आसको देश मेरो ॥

कवि न्यौपानेले छन्दोबद्ध कविता 'छिमेकी' मार्फत एउटा छिमेकीले असल छिमेकी बन्न नसकेको कुरा कोट्याउँदै सबैलाई असल छिमेकी बन्न सन्देश दिनुभएको छ । जुन छिमेकी कविता हाम्रो छिमेकी देशलाई पनि कटाक्ष गर्न काफी छ । यसरी नै साहित्यकार न्यौपानेका कविताहरूमा प्रकृतिलाई विम्ब र प्रतीकका रुपमा सुन्दर र सहज ढंगले प्रस्तुत गरेको पाइन्छ । कतै प्रकृतिको मानवीकरण गरी कवि प्रकृतिसँग हृदय बहलाउन पुग्नुहुन्छ भने कतै प्रकृतिमै लीन भएर भावमय हरफहरूमा विलिन बन्न पुग्नुहुन्छ :

वासना छरी फूलले डाक्ता भमरा हाँसेझैं
नेपाली हाँसुन् देशले डाक्ता माधुर्य गाँसेझैं

कवि न्यौपाने राष्ट्रप्रेमी, देशभक्त कवि हुनुहुन्छ । देशले सहेको वेदनामा कविको मन र हृदय नराम्ररी कुँडिन्छ, अमिलिन्छ । यो राष्ट्र त टुक्रिने नै भयो होइन ? भन्ने कुराले स्रष्टालाई पिरेको छ । युग युगसम्म एउटा सुन्दर र शान्त देश हेर्न लालायित स्रष्टाको अखण्डता कवितामा देशभक्ति भावना यसरी छताछुल्ल भएको छ :

कदापि चाहिँदैन भो कि खण्ड खण्ड देश यो
अखण्ड राष्ट्र मात्रले भविष्य बोक्न सक्छ यो ।
म भित्र बोल्छ भावना समष्टि मात्र राष्ट्र हो
म जन्मभूमि खिच्तछु अखण्ड राष्ट्र मात्रको ॥

कवि न्यौपाने कतै कविता मार्फत अग्रज साहित्यकारहरू प्रति श्रद्धाभाव प्रकट गर्न पुग्नुहुन्छ भने वर्तमान नेपाली युवा वर्गको वेरोजगारी पीडाको घाउमा मलमपट्टि गर्न हतारिनुहुन्छ । कतै स्वच्छ र हार्दिक प्रेमको विजारोपण गरी थाङ्नो लगाउनुहुन्छ भने मांसल प्रेमको उछित्तो काढ्नुहुन्छ । कतै वुढ्यौलीका कुरा कतै दर्शनशास्त्री झैं पोटिला र झरिला कवितात्मक भाव अभिव्यक्त गर्नुहुने न्यौपाने मान्छेलाई कर्मवादी र पौरखी बन्ने सन्देश दिँदै ढोगी आडम्बरी धर्मलाई सिस्नुपानी लगाउनुहुन्छ ।

रगत बोलिरहेछ, रविकी आमा, आकाश, भयवाद, समयका पानाहरू लगायत जन्मभूमि कविताको खण्ड खमा जम्मा १५ वटा कविताहरू साहित्यकार विष्णु न्यौपाने ज्यूले लिपिबद्ध गर्नुभएको छ । यी कविताहरूमा गरिबीको पीडा (रविकी आमा), बेसहारा भरियाको कारुणिक जीवन गथासो, नेताहरूले जनता र राष्ट्रमाथि दोहन गरेको कुरालाई समेत कटाक्ष यसरी गर्नुभएको छ :

टाउकोमा हुस्सु बोकेको
दानवीय झुण्ड झुण्ड कुहिरो
पालो फेरो देश चुसिरहन्छ
बिना जिम्मेवार, विना अधिकार
दासताको घोर निशा भित्र धकेलिरहन्छ
मेरो देशको दुरुहता अँझै नङ्ग्याउने परिवेशमा ।

यसरी नै कवि फूल चुँडेर मृत्यु पुज्नेहरूलाई जीवन बुझ्ने सल्लाह दिनुहुन्छ भने मान्छेको कुकृत्यले हिमालको प्राकृतिक स्वरुप र संरचनामा आएको ह्रास प्रति कोमल व्यङ्ग्य प्रहार गर्दै हिमाल बचाउँने नैतिक दायित्व उजिल्याउनुहुन्छ । प्रकृतिको अनुपम सौन्दर्य, इतिहास वेद पूराणका पात्रहरूलाई पनि प्रयोग गरी प्राकृतिक छटाको स्वरुप वर्णन गर्नुभएको छ ।

कवि विष्णु न्यौपाने जसरी सुन्दर भावले लचकयुक्त छन्दोबद्ध कविता लेख्नुहुन्छ त्यसरी नै ती कविताहरूलाई गति, यति, लय मिलाएर श्रोतालाई मन्त्रमुग्ध बनाउनेगरी वाचन पनि गर्नुहुन्छ । वहाँको स्वर सुमधुर छ । वहाँले खिपेर सारङ्गीका तारझैं खिरिला बनाएका कविताका श्लोकहरू वहाँकै कण्ठले सस्वर वाचन गर्दा एउटा उस्तादले बजाएको सारङ्गीको धुनझैं लठ्ठ बनाउँदै बज्न थाल्छन् । त्यसैले त कविको पाइला जुन मञ्चमा उक्लन्छ त्यो मञ्चले प्रथम स्थानको माला वहाँलाई नै पहिर्याउँछ ।

समग्रमा भन्नुपर्दा साहित्यकार न्यौपानेका छन्दोवद्ध र मुक्त दुवै प्रकृतिका कविताहरू अत्यन्त सुन्दर र सशक्त छन् । सुकोमल पद र पदावलीको सुन्दर संयोजन, लालित्यमय, परिष्कारयुक्त भावाभिव्यक्ति, युग सापेक्ष चिन्तन, विषयवस्तुगत विविधता र व्यापकता, शीर्षक केन्द्रित आत्मप्रकटीकरण तथा विम्ब र प्रतीकहरूको यथोचित प्रस्तुतिकरणले सम्पूर्ण कविताहरू उत्कृष्ट बनाएका देखिन्छन् । केही व्याकरणिक कमी कमजोरीलाई मानवीय स्वाभावका रुपमा लिँने हो भने कवि न्यौपाने यो राष्ट्रका उच्चकोटीका कविहरू मध्येका एक हुन भन्नु अत्युक्ति हुँदैन । अन्त्यमा, साहित्यकार न्यौपानेको उत्तरोत्तर प्रगतिको कामना गर्दै साधुवात टर्क्याउँछु ।

पहिलो सरसफाइयुक्त दाना गाविस अध्ययनको केन्द्र बन्दै

कमल खत्री
म्याग्दी २४ वैशाख ।

म्याग्दीको उत्तरी दाना गाविस हिमाल पारिको जिल्ला मुस्ताङसँग सिमाना जोडिएको छ । विभिन्न प्राकृतिक सम्पदाले भरिपूर्ण दाना पर्यटकीय दृष्टिकोणले पनि महत्वपूर्ण गन्तव्य स्थल मानिन्छ । अग्लो छाँगोबाट खसिरहने रुपैला 'रुप्से झरना', अन्नपूर्ण र धौलागिरि हिमालको शृङ्खलाबाट मापन गरिएको संसारकै गहिरो गल्छी 'अन्धगल्छी' ले विश्वभर प्रख्यात छ, दाना । मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडकखण्डले समेटिएको दाना रुप्से झरना र अन्धगल्छीको नामसँगै अहिले पूर्ण सरसफाइयुक्त गाविसको पहिचानले चर्चा बटुलेको छ । विसं २०६७ साउन ३० गते जिल्लाको दोस्रो खुला दिसामुक्त गाविस घोषणा भएको दाना तीन वर्ष अगाडि नेपालकै पहिलो पूर्ण सरसफाइयुक्त तथा आनीबानी परिवर्तन भएको गाविस घोषित भएको थियो ।

गाउँस्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति, गाउँ विकास समिति, जिल्ला विकास समिति, पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना, खानेपानी तथा सरसफाइ सव डिभिजन कार्यालयको सहयोगमा सञ्चालन गरिएको अभियानबाट सरसफाइका सबै सूचक पूरा गरेपछि दाना जिल्लाको मात्रै नभई नेपालकै पहिलो पूर्णसरसफाइयुक्त गाविस बनेर आफ्नो पहिचान उँचो बनाएको छ । पहिले पर्यटकीय गन्तव्यको भम्रणका निम्ति पर्यटक दाना पुग्ने गर्थे । अहिले भम्रणसँगै नेपालकै पहिलो पूर्ण सरसफाइयुक्त गाविसको सरसफाइको अवस्थाको अवलोकन र अध्ययनका लागि मुलुकका विभिन्न स्थानबाट आगन्तुक आउने क्रम बढेको छ । "दानाको सरसफाइको अवस्थाबारे मुलुकका विभिन्न जिल्ला, गाविस र नगरपालिकाबाट सामूहिक रुपमा अवलोकनका लागि आउन थालेका छन्,"-गाविस सचिव दयाराम पौडेलले भने ।

पूर्ण सरसफाइले दानामा पर्यटनको विकासमा समेत टेवा पुऱ्याएको छ । यस गाविसभित्र रहेका सबै घरमा पक्की शौचालय निर्माण र प्रयोग तथा शुद्ध खानेपानीको पहुँच पुगेको छ । यसका साथै व्यक्तिगत र घरायसी सरसफाइजस्ता पूर्ण सरसफाइका सबै सूचक व्यावहारिक रुपमै कार्यान्वयनमा ल्याइएको छ । सरसफाइका सबै मापदण्ड पूरा गरेकै कारण अहिले दानाको सरसफाइको अवस्थाबारे अवलोकनका लागि आउने दङ्ग परेर फर्कने गरेका छन् । ग्रामीण बस्तीमा फोहर व्यवस्थापन गरेपछि दानाको वातावरण स्वच्छ र सफा देख्न सकिन्छ । चिटिक्क परेको यहाँको बस्तीले जो कसैलाई प्रभावित तुल्याउने गरेको छ ।

गाविसभित्र रहेका ४६० घर सबैमा पक्की शौचालय बनेका छन् भने विभिन्न स्थानमा पाँच वटा सार्वजनिक शौचालयसमेत निर्माण भएको छ । "पहिले घरघरमा शौचालय चाहिन्छ भन्ने थाहा थिएन, खुला दिसामुक्त अभियान सञ्चालन भएपछि घरघरमा पक्की शौचालय बनायौं, अहिले नियमितरुपमा गाउँलाई सफा राख्न सरसफाइ गर्छौं ",-दाना-४ बजारकी कृष्णकुमारी नेपालीले भने । खुला दिसामुक्त हुँदै पूर्ण सरसफाइयुक्त गाविस बनेपछि अहिले गाउँमा व्यक्तिगत, घरायसी र सार्वजनिक स्थलको सरसफाइसँगै फोहर व्यवस्थापन हुन थालेको छ । "कुहिने फोहरबाट मल बनाउँछौं र नकुहिने फोहरलाई छुटचाएर व्यवस्थापन गर्छौं," नेपालीले थपे । सरसफाइसँगै फोहरको व्यवस्थित विर्सजन गर्न थालिएपछि मानव स्वास्थ्य र वातावरणीय सरसफाइमा समेत ठूलो टेवा पुगेको छ । दाना उपस्वास्थ्य चौकीका अनुसार, पहिलेको तुलनामा अहिले बालबालिकामा फोहरजन्य रोगको सङ्क्रमण धेरै घटेको छ । गाउँलाई सफा सुग्घर राख्न अहिले सिङ्गो दानावासी नै लागिपरेका छन् । सबै टोल र बस्तीलाई सफा राख्न हरेक हप्ताको शनिबार गाउँमा झारा लगाउने गरिएको स्थानीय कुलबहादुर पुर्जाले बताए ।

"सबै वडा र टोलमा सरसफाइ अनुगमन उपसमितिको टोली छन्, सरसफाइमा सहभागी नहुनेलाई जरिवानासमेत तोकिएको छ, यसले सरसफाइलाई नियमित गराउन नैतिक दबाबसमेत दिएको छ," पुर्जाले थपे । अहिले यहाँका बालबालिका देखि वृद्धवृद्धासमेत सरसफाइमा सचेत छन् । पहिले त न घरघरमा शौचालय थियो, नत गाउँ नै सफा । साबुन पानीले हात धुनुपर्छ भन्ने ज्ञानसमेत थिएन । "अहिले आफ्नो मात्रै होइन सिङ्गो गाउँको सरसफाइले गाउँको मुहार नै फेरिएको छ," दाना-६ डाँडागाउँकी ७० वर्षीया वृद्धा पुष्टिमायाँ विकले आफ्नो अनुभव सुनाए ।

दलित समुदायको बाहुल्यता रहेको डाँडागाउँमा सरसफाइले ठूलो परिवर्तन ल्याएको छ । सरसफाइसँगै आफ्नो स्वास्थ्यप्रति समेत अहिले स्थानीय सचेत बनेका छन् । अहिले स्थानीय जनतामा आएको जागरणले गर्दा नै दाना र जिल्लाको पहिचान उँचो भएको छ । बाटोमा कागज, प्लास्टिक लगायतका फोहर देखिँदैन । गाउँको सरसफाइको लागि हरेक टोल र बाटोमा फोहर राख्ने टोकरीको व्यवस्था गरिएको छ । यसले सार्वजनिक स्थलमा हुने फोहर नियन्त्रण भएको देख्न सकिन्छ । सरसफाइमा दानाले गरेका पहल र प्रयास प्रशंसनीय छ । यसलाई अन्य गाविसमा समेत कार्यान्वयन गराउन सकिए म्याग्दीलाई पूर्ण सरसफाइयुक्त जिल्ला बनाउने अभियानले सार्थकता पाउनेछ । रासस

लागूपदार्थ सम्बन्धी सचेतना

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ वैशाख ।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१, वगर र गेटवे फाउण्डेशन नेपालको संयुक्त आयोजनामा पोखरा-१, कसेरीमा लागूपदार्थ सम्बन्धी सचेतनामूलक कार्यक्रम बिहीवार सम्पन्न भएको छ । स्थानीयलाई लागूपदार्थ दुर्व्यशनबारे जानकारी दिने उद्देश्यले गरिएको कार्यक्रममा करिव ७० जनाको सहभागिता रहेको थियो । सो अवसरमा बोल्दै प्रमुख अतिथि वडा प्रहरी कार्यालय वगरका प्रमुख प्रहरी निरीक्षक मोहन बहादुर खाँडले युवा-युवती विभिन्न कारले दुर्व्यसनमा फस्ने बताउदै अभिभावकहरु सचेत रहनुपर्नेमा जोड दिए ।

सेवा केन्द्रका निर्वतमान अध्यक्ष पुरुषोत्तम श्रेष्ठले लागूऔषधमुक्त समाजको निर्माणमा प्रत्यक्ष सहभागिता बढाउन सबैलाई आग्रह गरे। केन्द्रका अध्यक्ष जीवन अधिकारीले केन्द्रले प्रहरीसँग हातेमालो गर्दै विभिन्न सचेतना मुलक कार्यक्रम गर्दै आएको जानकारी दिए । कार्यक्रममा अमृत कुमार भट्टराईले सहजीकरण गरेका थिए । केन्द्रका अध्यक्ष जीवन अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा सदस्यहरु कल्पना बाँस्तोला, रुद्र सुवेदी 'च्वाई', कसेरी टोल विकास संस्थाका सचिव टिकाराम पौडेल लगायतले बोलेका थिए । कार्यक्रममा कसेरी टोल विकास संस्था, रत्ना आमा समुह, शान्ति टोल आमा समूह, शान्ति टोल युवा क्लव लगायतको सहभागिता रहेको थियो ।

नेपालको जलविद्युत्को क्षमता पत्ता लगाउँदै सरकार

रमेश लम्साल
काठमाडौं २४ वैशाख ।

नेपालको जलविद्युत्को कुल क्षमता कति होला, सामान्य मान्छेले सजिलै उत्तर दिनसक्छ ८३ हजार मेगावाट । तपाइँ हामीले भन्दै र लेख्दै आएको उक्त क्षमता भने अनौपचारिक मात्रै रहेको पाइएको छ । सरकारले हालसम्म नेपालको जलविद्युत्को कुल क्षमता कति हो भन्ने बारेमा आमरुपमा जानकारी गराएको छैन । त्यतिमात्रै होइन, त्यसको कुनै अध्ययन पनि गरेको पाइँदैन । पछिल्लो पटक सरकारले नेपालको जलविद्युत्को क्षमता कति हो भन्ने बारेमा बल्ल अध्ययन सुरु गर्न लागेको छ ।

विभिन्न सङ्घसंस्था, व्यक्ति वा निकायले क्षमताका बारेमा फरक फरकखालका तथ्याङ्क सार्वजनिक गर्दै आफूखुसी व्याख्या गरे पनि यकिन तथ्याङ्क पत्ता लगाउने उद्देश्यले सरकारले आवश्यक अध्ययन सुरु गरेको हो । नेपालमा जलविद्युत् उत्पादनको सुरुवात भएको १०५ वर्ष पुगे पनि क्षमताका बारेमा पटक पटक उठेको प्रश्नको उत्तर खोज्ने उद्देश्यका साथ जल तथा ऊर्जा आयोगले अध्ययन सुरु गरेको हो । उत्पादनका लागि ४२ हजार मेगावाट योग्य रहेको भनिए पनि पछिल्लो दिनमा विकास भएको प्रविधिका कारण कुल क्षमताको ६० प्रतिशतसम्म उत्पादन गर्न सकिने बताइँदै आएको छ । यकिन तथ्याङ्क के कति हो सरकारले गरिरहेको अध्ययनपछि मात्रै पत्ता लाग्ने छ । ऊर्जा मन्त्रालयका सहायक प्रवक्ता गोकर्णराज पन्थले आयोगले मुलुकको कुल जलविद्युत्को क्षमता पत्ता लगाउन अध्ययन सुरु गरेको जानकारी दिए ।

आयोगले सिल्ड कन्सर्नलाई परामर्शदाता नियुक्त गरेर अध्ययन सुरु गरेको छ । पूर्णरुपमा अध्ययन गर्न र विसं २०७४ असारसम्म प्रतिवेदन दिन आयोगले निर्देशन दिएको छ । आयोगका सहसचिव केशवध्वज अधिकारीले अध्ययन सुरु गरिएको जानकारी दिए । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा जलविद्युत्को क्षमताका बारेमा उठ्ने प्रश्नलाई जवाफ दिन अध्ययन आवश्यक रहेको भन्दै माग उठेको थियो । सरकारले गत फागुन ६ गते जारी गरेको ऊर्जा सङ्कट निवारणकालमा समेत जलविद्युत्को क्षमता पत्ता लगाउने उल्लेख भएअनुसार काम सुरु गरेको हो ।

सरकारले हरिमान श्रेष्ठले गरेको शोधका आधारमा नै नेपालको जलविद्युत्को क्षमताबारे बताउँदै आएको थियो । जापानी सहयोग नियोग (जाइका)ले पनि अनौपचारिक रुपमा मात्रै नेपालको जलविद्युत् क्षमताको प्रक्षेपण गर्दै आएको थियो भने भारतीयहरुले नेपालको जलविद्युत् क्षमता दुई लाख मेगावाट रहेको बताउँदै आएका थिए भने अर्का शोधार्थी ईश्वर बज्राचार्यले गरेको अध्ययनमा एक लाख तीन हजार मेगावाट रहेको उल्लेख छ ।

आयोगले प्रमुख नदी र तिनका सहायक नदीको अध्ययन गर्ने जनाएको छ । नेपालमा कुल छ हजार बढी खोलानाला रहेका छन् । गत भदौबाट अध्ययन सुरु गरिएको भए पनि पछिल्ला दिनमा सिल्ड कन्सर्नले अध्ययनलाई तीव्र पारेको छ ।

प्रारम्भिक प्रतिवेदनअनुसार एक लाख ३० हजार मेगावाटदेखि एक लाख ४० हजार मेगावाटसम्म कुल क्षमता हुन सक्ने देखिएको छ । तर पूर्ण अध्ययन नभइकन यति नै हो भन्ने अवस्था भने नरहेको बताइन्छ । सरकारले एकीकृत रुपमा जलविद्युत्को उपलब्धता, सिँचाइ, खानेपानी र अन्य उपभोग्य क्षेत्रका बारेमा अध्ययन गर्नुपर्ने आवश्यकता औँल्याएको छ ।

एकीकृत अध्ययनको अभावका कतिपय स्थानमा निर्माण भएका भौतिक पूर्वाधारले पनि जलविद्युत् आयोजनाको निर्माण तथा उत्पादनमा समस्या पर्दै आएको छ । कुन स्थानमा जलविद्युत् आयोजना बनाउने, कुन स्थानमा अन्य भौतिक पूर्वाधारको काम गर्ने भन्ने विषय पत्ता लगाउन पनि अध्ययन जरुरी रहेको छ ।

नदी किनारबाटै सडक, बस्ती तथा अन्य भौतिक पूर्वाधारको विकास भएका कारण पनि जलविद्युत् आयोजनाको निर्माण प्रक्रिया सोचेभन्दा महँगो पर्दै आएको छ ।

विशेष गरी बूढीगण्डकी, सुनकोसी, दूधकोसी जस्ता ठूला जलविद्युत् आयोजनाको कुल लागतको ५० प्रतिशतभन्दा बढी लगानी मुआब्जा र जग्गा प्राप्तिमा नै खर्च गर्नुपर्ने देखिएको छ । सरकारी निकायको समन्वयको अभावमा नै त्यसखालको समस्या पैदा भएपछि मात्रै सरकारले एकीकृत रुपमा जलविद्युत्को क्षमता पत्ता लगाउन लागेको हो । रासस

एनसेललाई ३३ अर्व लाभ कर तिर्न आग्रह

गोल्डेन न्यूज संवाददाता
पोखा २३ वैशाख ।

एनसेलले सरकारलाई बुझाउन बाँकी रहेको ३३ अर्ब रुपैयाँ कर नबुझाउने संकेत गरेपछि एनसेल विरुद्ध आवाज उठ्न थालेको छ। अखिल क्रान्तिकारी विद्यार्थी संगठन पृथ्वीनारायण क्याम्पसले बिहीबार विहान क्याम्पस गेट अगाडि एनसेल बहिष्कार अभियान सञ्चालन गरेको थियो । संगठनले एनसेलका पर्चा, पम्पलेट, तथा सिम जलाएको छ। क्याम्पस गेट अगाडिको सडकमा सडक अवरुद्ध नै गरेर सो कार्य गरेको हो । कोण सभा कार्यक्रम गरी गरेको कार्यक्रममा अखिल नेपाल क्रान्तिकारी केन्द्रीय सदस्य प्रमिला अधिकारी तथा अखिल क्रान्तिकारी संगठन पृथ्वीनारायण क्याम्पसका अध्यक्ष त्रिदेव गुरुङ लगायतले आफनो भनाई राखेका थिए । त्यसैगरी सिर्जनाचोकमा विहान ११ बजे वाईसिएलसँग संयुक्त रुपमा एनसेल वहिष्कार अभियान सञ्चालन गरेको थियो । एनसेलले कर नतिरेको सन्दर्भमा विद्यार्थीहरुले देशैभर चर्कों विरोध गरिरहेका छन् ।

यसैगरी एकीकृत नेकपा (माओवादी) को भ्रातृ सङ्गठन योङ कम्युनिस्ट लिग (वाइसिएल)ले मुलुकको नियम तथा कानुनअनुसार पुँजीगत लाभकर तिर्न एनसेललाई आग्रह गरेको छ । नेपालको ऐन तथा कानुनलाई पालना गर्नु जुनसुकै व्यापारिक निकाय तथा संस्थाका लागि बाध्यकारी भएको सन्दर्भमा नेपाली जनताले तिरेको करबाट प्राप्त भएको सम्पत्तिका विषयमा प्रश्न उठाउने अधिकार जो कोही हुने वाइसिएलले जनाएको छ । वाइसिएलका अध्यक्ष राम प्रसाद शर्मा र महासचिव रामप्रसाद सापकोटाले जारी गरेको विज्ञप्तिमा भनिएको छ -"सम्पत्ति जुन देशमा सिर्जना भएको हुन्छ राजस्व त्यही देशले पाउनुपर्छ भन्नेमा हामी अडिग छौँ । नेपाली जनतालाई छल्ने काम कोही कसैबाट पनि हुन हुँदैन । यदि कसैले कानुनको गलत व्याख्या गरेर कर उन्मुक्ति दिन खोजे त्यसको प्रतिरोध गर्ने चेतावनीसमेत वाइसिएलले दिएको छ ।

वाइसिएलले व्यवस्थापिका-संसद्को अर्थ, विकास र सार्वजनिक लेखा समितिमा एनसेलका बारेमा छलफल भए पनि निकास निस्कन नसक्नु र कारोबारका बारेमा सरकारले समेत जानकारी नपाउनु दुखद् भएको बताएको छ ।

स्याङ्जा लामडाँडाका अग्नीपीडितलाई राहत

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

स्याङ्जाको मनकामना गाविस लामडाँडा गाँउका अग्नीपीडित परिवारलाई राहत स्वारुप केहि रकम वितरण गरिएको छ । वैशाख १९ गते गाँउमा आगलागी भएपछि घरवार विहिन भएका २० परिवारलाई विहीबार छिमेकी गाँउहरुबाट संकलित करिब ५५ हजार रुपैयाँ रकम वितरण गरिएको हो । छिमेकी गाविस माझकोट २ राम्चेका आमा समुह, नेपाल तरुण दल माझकोट अध्यक्ष सुकराज गुरुङ, ट्रेड युनियन कांग्रेस माझकोट अध्यक्ष औ बहादुर गुरुङ, पर्यटन विकास समिति माझकोट अध्यक्ष लोकबहादुर गुरुङ लगायतको उपस्थितिमा राम्चे गाँउबाट संकलित ३४ हजार ६ सय ५० रुपैयाँ नगद अग्नी पीडितलाई वितरण गरिएको छ । भने छिमेकी गाविस एलादि १ तल्लाथोकका स्वार्णिम आमा समूह, स्वार्णिम परिवार, तल्लो कुमेरदुङ्ग निमावी प्राचार्य कमल गुरुङ लगायतबाट करिव २० हजार सहयोग गरेका छन । स्वार्णिम आमा समूहले १० हजार, स्वर्णिम परिवार ५ हजार, निमाविबाट ५ हजार गरि जम्मा ५४ हजार ६ सय ५० रुपैयाँ प्रदान गरिएको हो ।

त्यसैगरी नेपाली कांग्रेस स्याङजाले पनि अग्नीपीडितहरुलाई राहत वितारण गरेको छ । जिल्ला सभापति एवम सांसद कमल पगेंनी, क्षेत्रिय अध्यक्ष अर्जुन प्रकाश आर्याल, कांग्रेस गाविस पूर्व सभापति उमापति शर्मा, तरुण दल क्षेत्रीय सभापति दिपेन्द्र क्षेत्री लगायतका नेता तथा कार्यकर्ताहरुको उपस्थितिमा २० बण्डल टिन, २० त्रिपाल, चामल, लत्ताकपडा वितरण गरेको हो । सोही क्षेत्रबाट निर्वाचन जितेर सांसद बनेका पंगेनी राहत वितरण गर्न स्वयम मनकामना लामडाँडा पुगेका थिए । आगालागीबाट ध्वास्त भएका घरहरुको अवलोकन गर्दै सांसद पंगेनीले पीडित समक्ष राहतका लागि पहल गरिदिने बताए । मनकामना लामडाँडामा लागेको आगलागीबाट २० घर, १९ गोठ , ५ धन्सार तथा कयौं पशु-चौपाया जलेर नष्ट भएको थियो ।

आगलागीबाट करिब २ करोड पचास लाख भन्दा बढी नोक्सान भएको अनुमान छ । पीडितहरुलाई केही व्यक्ति एवं संघ-संस्थाहरुबाट केही राहत प्राप्त भए पनि पर्याप्त नभएको उनीहरुको भनाई छ । २० घर जले पछि घरवार विहीन भएको परिवारहरुले पुन:स्थापनाको माग गरेका छन् ।

तमुवान प्राप्ति नहुञ्जेल आन्दोलन गर्नुपर्नेमा जोड

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

संयुक्त राष्ट्रिय जनआन्दोलन सम्बद्ध २८ दल तथा विभिन्न मोर्चाहरुको आन्दोलन अन्तर्गत विहीवार पोखरामा बृहत् अन्तर्क्रियात्मक कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रमका वक्ताहरुले तमुवान प्राप्ति नहुञ्जेल आन्दोलन गर्नुपर्ने जोड दिदै तत्काल संविधान पुर्नलेखन वा संशोधन गरी २६ बुँदे मागलाई सम्बोधन गर्न माग गरे । पहिचान र अधिकार सुनिश्चितता नभएको संविधान स्वीकार नगर्ने उनीहरुको भनाई थियो ।

कार्यक्रमका प्रमुख अतिथि तमुवान संयुक्त संघर्ष समितिका संयोजक हुमबहादुर गुरुङले तमुवान सहितको पहिचान र अधिकार सुनिश्चितता भएको संविधान पुर्नलेखन नगरिए जबरजस्त जारी गरिएको जनैवादी संविधानको कुनै पनि हालतमा स्वीकार नगर्ने बताए । विगतमा बेग्ला बेग्लै मोर्चागत आन्दोलन गरिरहेको शक्तिहरु संघीय गठबन्धन निर्माण गरी २६ बुँदे माग सहित आन्दोलित छ, गठबन्धनको आन्दोलनलाई कमजोर ठान्नेहरु आफै समाप्त हुने चेतावनी दिए। तमुवानका अगुवा गणेशमान गुरुङले संघीय गठबन्धन निर्माणका लागि तमुवानको महत्वपूर्ण भुमिका रहेको चर्चा गर्दै संविधान पुर्नलेखन गरी गठबन्धनको २६ बुँदे माग सम्बोधन गर्नुपर्ने बताए । उनले तमुवान प्राप्ति नहुञ्जेल अधिकार प्राप्ती नहुने भएकोले तमुवानका पुर्व सैनिकले अधिकारका लागि सिहंदरबारमा परेड खेल्ने उद्घोष गरे । उनले सरकार परिवर्तनको नाउँमा जोकरहरुले पालै-पालो शासन गर्ने षडयन्त्र भईरहेको बताए । तमु धिं नेपालकी अध्यक्ष कर्म तमुले आदिवासी जनजातिका मुद्धा र अधिकारका लागि तमु धिं नेपाल जहिले पनि संघर्षरत रहेको बताउँदै जारी संविधान अपुर्ण रहेकाले तमु, आदिवासी जनजाति, दलित, महिला, पिछडा वर्गको पूर्ण अधिकारका लागि आन्दोलनमा जुट्नुपर्ने बताए । उनले अधिकार प्राप्तिका लागि काठमाडौं जाऔं अभियानमा सम्पुर्ण पहिचान, अधिकार पक्षधर जनताको सहभागिताका लागि आग्रह गरे । अधिकारको लागि लडौं, बोलौं, नसके लड्ने बोल्नेहरुलाई सहयोग गर्न अनुरोध गरे ।

पूर्व सैनिक तथा प्रहरी महासंघका केन्द्रीय उपाध्यक्ष क्याप्टेन मेकबहादुर गुरुङले फास्ट ट्राकमा नाउँमा केही नेता र पार्टीको स्वार्थमा जारी गरिएको संविधान आफूहरुलाई स्वीकार नभएको बताए । अखिल नेपाल आदिवासी जनजाति महासंघका नेता भिमबहादुर श्रीसले प्रतिगामी संविधान स्विकार गरेको दासत्व स्वीकार गर्नु हो भन्दै विगतदेखि अर्काका झोला बोकेका आदिवासी जनजातिहरु आफ्नो सुनिश्चितता का लागि आन्दोलित हुनुपर्ने बताए ।

दलित(शिल्पी) अधिकारकर्मी राम सिकेले जारी गरिएको संविधान ब्राम्हणबादलाई संरकत्व प्रदान गरिहेको आरोप लगाए ।

तामसालिङ आन्दोलनका सल्लाहकार धनप्रसाद तामाङले पहिचानको सुनिश्चितता, पुर्ण समानुपातिक प्रतिनिधीत्वको ग्यारेण्टी विना आदिवासी जनजातिले अधिकार प्राप्ति नगर्ने भएकाले आन्दोलित हुन आग्रह गरे । संघीय गठबन्धनमा आवद्ध संघीय समाजवादी फोरम कास्कीका अध्यक्ष दिपक तामाङको अध्यक्षतामा तमु धिं नेपालमा भएको कार्यक्रममा संघीय जनमुक्ति पार्टी कास्कीका उपाध्यक्ष केवी थापाले स्वागत र तमुवान संयुक्त संघर्ष समितिका सचिव गजेन्द्र लिम्बुले कार्यक्रम संचालन गरेका थिए ।

यसैबीच जेठ १ गते काठमाडौं जाऔं, सिंहदरबार घेरौं आन्दोलनमा सहभागी हुन तमुवानबाट एक सय बस काठमाडौं जाने तमुवान संयुक्त संघर्ष समितिले तयारी गरेको छ । अधिकारको आन्दोलनमा विभिन्न आन्दोलनरत मोर्चा, समुदाय, दलहरुलाई सिंहदरबार घेराउ कार्यक्रममा बृहत सहभागीता गराउने तयारीमा जुटेको बताइन्छ ।

'जाहेरवाला झिकाउ'

चितवन २३ वैशाख ।

गोरखका फुजेलका कृष्णप्रसाद अधिकारीको हत्यासम्बन्धी मुद्दाको आज जिल्ला अदालत चितवनमा सुनुवाइ हुने भनिएकामा जाहेरवाला मृतकका दाजु नुरप्रसाद उपस्थित नभएपछि अदालतले पुन: एक पटक जाहेरवाला झिकाउन आदेश दिएको छ । मुद्दाको जिम्मेवारी न्यायाधीश कविप्रसाद न्यौपानेको इजलासमा छ । एक जना जाहेरवाला कृष्णप्रसादका पिता नन्दप्रसादको मृत्यु भइसकेको छ भने अर्का जाहेरवाला नुरप्रसाद उपस्थित नभएपछि पुन:जाहेरवालालाई झिकाउन आदेश दिइएको अदालतका सूचना अधिकारी गम्भीर घिमिरेले बताए ।

सार्वजनिक सूचना

यस ले.न.पा वडा नं. ५, बस्ने रेशमलाल अधिकारीकी श्रीमती कल्पना ढकाल अधिकारीको नाममा रहेको साविक कन्धनीडाँडा ९ को कित्ता नं. १२२९ समेत क्षेत्रफल ०-३-३-० को जगगामा घर नक्सा पास गर्नुपर्ने भएको तर पूर्व र दक्षिणतर्फका सधियारालाई फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
१२२९	१२३२	३९९	१२३०	बाटो

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

चाबी घर
बैंक ब्यालेन्स
बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :- तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

के तपाइँ F.M. मा काम गर्न चाहनुहुन्छ ?
अथवा कुनैपनि कार्यक्रममा ढुक्क भएर बोल्न चाहनुहुन्छ ?
वा आफ्नो बोल्ने कलाको विकास गर्न चाहनुहुन्छ ?
व्यक्तित्व नेतृत्व विकास गर्न चाहनुहुन्छ ?
कि तपाइँ बोलेर अरुलाई प्रभाव पार्न चाहनुहुन्छ ?
चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।
नेपाल सरकारबाट मान्यता प्राप्त यस संस्थामा तालिम लिएका धेरै भन्दा धेरै जनाले थुप्रै F.M. मा काम गरिसकेका छन् ।
अब तपाइँको व्यक्तित्व नेतृत्व विकास गराउन र सक्षम एवं सफल संचारकर्मी बनाउन रेडियो प्रस्तोता उद्घोषण तथा पत्रकारिता तालिम दिइँदै छ। आजै भर्ना भइ मौकाको फाइदा उठाउनुहोस्। सीट सीमित छ।
प्रशिक्षकहरू : काठमाडौंका ख्याति प्राप्त संचारकर्मी नरेश भट्टराईका साथै पोखराका थुप्रै अनुभवी संचारकर्मीहरु ।
हाम्रा सेवाहरु
तालिम लिंदा नृत्य/कम्प्युटर कोर्ष सित्तैमा
उत्कृष्ट रोजगारको अवसर
अनुभवी प्रशिक्षकहरुद्वारा तालिम गराइ सक्षम बनाइने ।
कक्षा संचालन भइरहेको छ ।
RJ MC
क्रियटिभ ब्रोडकास्टिङ मिडिया प्लस
न्यूरोड, (भाटभटेनी अगाडि), ९८४६०२४७५०, ९८१५१२४७५०
केही समयका लागि विशेष छुटको व्यवस्था छ ।

सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर
Abudhabi को Spark Middle East Star Skill Force, UAE को DPS
Group-4
Diplomatic
तयारी कक्षा धमाधम
सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि

पोखरामा पहिलो पटक
Hair Building Fibers.
Cuit Face (Inddian), Fair Look
Step Up, Triple Height
(B.D.P) Body Buildo (More Slim)
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान, वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक
यौन समस्या
महिला सम्वन्धि समस्या
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता
शप उपचार
शितल आयुर्वेद फर्मा
फ्रि होम डेलिभरी
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

उर्जा खपत घटाउनुपर्नेमा सरोकारवालाको जोड

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

सामान्य कुराहरुमा ध्यान दिन सके पनि उद्योग/प्रतिष्ठान एवं घरायसी काममा पनि ठूलो मात्रामा उर्जा बचाउन सकिने विज्ञहरुले बताएका छन् । उनीहरुले आफ्नो घरमा प्रयोग हुने उपकरणले पूर्ण क्षमतामा काम गरे/नगरेको परिक्षण गर्न, सकेसम्म कम उर्जा खपत गर्ने उपकरण प्रयोग गर्न तथा उर्जा खपत घटाउने उपायहरु सिक्न सर्वसाधारण तथा उद्योगी/व्यवसायीलाई सुझाएका छन् । नेपाल उद्योग वाणिज्य महासंघ तथा पोखरा उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा विहीबार पोखरामा आयोजना भएको उर्जा दक्षता तथा व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रममा बोल्दै उनीहरुले सो कुरा बताएका हुन् । 'हामी पानी उम्लेर जाँदा ग्याँस खर्च भएकोमा खासै चुकचुकाउँदैनौं', उर्जा विज्ञ तथा नेपाल उद्योग वाणिज्य संघको उर्जा तथा वातावरण विभाग प्रमुख डा. उत्तम कुँवरले भने,-'तर दूध उम्लेर खेर गएकोमा भने हामी खुबै ख्याल गर्छौं, यस्तै साना कुरामा ख्याल नगर्दा बढी उर्जा खपत हुन्छ ।' डा. कुँवरले ठूला उद्योगहरुमा प्रयोगमा

आएका पुराना उपकरण, विभिन्न ठाउँबाट उर्जा हुने उर्जा चुहावटलाई रोक्न सकेमा मात्र पनि ठूलो परिणाममा उर्जा बचाउन सकिने र त्यसले पैसाको पनि बचत हुने सुझाए । नेपालको उद्योग क्षेत्रले अझै पनि ५८ प्रतिशत उर्जा कोइलाबाट प्राप्त गर्ने गरेको उनले जनाए । ती उद्योगहरुले २३ प्रतिशत विजुली, १० प्रतिशत कृषिजन्य सामाग्री, ५ प्रतिशत काठ, २ प्रतिशत डिजेल र बाँकी २ प्रतिशत मात्र वैकल्पिक उर्जा प्रयोग गरेको उनको भनाई थियो । जर्मन र नेपाल सरकारको सहयोगमा उद्योग वाणिज्य महासंघले संचालनमा ल्याएको परियोजनाले उद्योग तथा सर्वसाधारणहरुलाई कसरी कम उर्जा खपत गर्ने भन्नेबारे प्राविधिक सीप सिकाउने गर्छ । कार्यक्रममा बोल्दै उर्जाविज्ञ डा. पवनकुमारले ठूला उद्योग, अस्पताल, ट्रेड मल, व्यवसायिक भवनहरुलाई उर्जा अडिट गर्न सुझाए । उनका अनुसार नेपालको एक स्टिल उद्योगले उर्जा अडिट गर्दा एक वर्षमा विभिन्न क्षेत्रमा गरी ३३ करोड बचत गर्न सफल भएको दावी पनि गरे ।

अर्का उर्जा विज्ञ अजयकुमार शाहले उर्जा व्यवस्थापन अहिलेको जमानामा अपरिहार्य भएको जनाउँदै व्यवसायिक प्रतिष्ठानहरुलाई सघाउन आफूहरु तयार रहेको बताए । विज्ञको परामर्श र सहयोग नेपाल उद्योग वाणिज्य महासंघमा संचालनमा भएको परियोजनाले दिने भए पनि आवश्यक सामानहरुको खरिद भने कम्पनी वा उद्योग स्वयंले गर्नुपर्ने उनले स्पष्ट पारे ।

कार्यक्रमका अध्यक्ष तथा पोखरा उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष देव क्षेत्रीले उर्जा कम प्रयोगको लागि घरबाटै सुरु गर्नु पर्नेमा जोड दिए । प्रयोगमा नआउँदा बत्ती निभाउनु, विद्युतीय सामानहरुको सही तरिकाले प्रयोग गर्नु पनि उर्जा बचतको तरिका भएको उनको भनाई थियो । कार्यक्रम संचालक तथा पोखरा उद्योग वाणिज्य संघका महासचिव रवीन्द्रबहादुर प्रजुले उर्जा वचतबारे भएको यो कार्यक्रम फलदायी रहेको बताउँदै पोखरा औद्योगिक क्षेत्रका व्यवसायीहरुले यो परियोजनाबाट लाभ लिनुपर्नेमा जोड दिए । पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन समितिका प्रमुख नेपाल भुषण वैद्यले पहिले एकान्तमा रहेको पोखरा औद्योगिक क्षेत्र हाल आएर बस्तीको बीचमा परेको जानकारी गराउँदै वातावरण जोगाउन पनि उद्योगहरुले ध्यान दिनुपर्ने बताए ।

पिएनमा स्ववियुको नमूना निर्वाचन

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

हरेक दुई वर्षमा हुने स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन २०६५ देखि हुन नसकिरहेका बेला अधिकांश विद्यार्थी अविलम्व निर्वाचन हुनुपर्ने पक्षमा देखिएका छन् । स्ववियू निर्वाचन गर्न सांकेतिक दबाब स्वरुप पोखराको पृथ्वीनारायण क्याम्पसमा विहीबार नमुना स्ववियू निर्वाचन गरिएकोमा ९६ प्रतिशत बढिले निर्वाचन हुनुपर्ने मत जाहेर गरे ।

क्याम्पस एकाई कमिटीका अध्यक्ष राजन शर्मा पराजुलीका अनुसार कुल छ हजार एक सय ८९ मत खसेकोमा पाँच हजार नौ सय ५६ ले स्ववियु निर्वाचन हुनुपर्नेमा मत दिए । क्याम्पसको मूल गेटमा बुथ राखेर गरिएको नमूना मत सर्वेक्षणमा दुई सयले मात्र निर्वाचन आवश्यक छैन भन्नेमा मत दिएका थिए । खसेका मत मध्ये ३३ मत बदर भएको थियो । यस्तै, तीन विकल्प दिएर विद्यार्थी संगठन कुन मन पर्छ भनेर समेत

नमुना मत संकलन गरिएको पराजुलीले बताए । उनले अनेरास्ववियू लगायतका विद्यार्थी संगठनलाई चुनावमा होमिनका लागि दबाब दिन र त्रिभुवन विश्वविद्यालयलाई अविलम्व स्ववियु निर्वाचनको मिति घोषणा गर्न दबाब स्वरुप कार्यक्रम आयोजना गरिएको बताए ।

कार्यक्रमका प्रमुख अतिथि नेकपा एमाले कास्कीका सदस्य तथा युवा संघका केन्द्रीय सदस्य दर्शन लामाले विद्यार्थीको हकहितमा लागि पर्ने सबैको एकमात्र संगठन स्ववियूको निर्वाचन नहुनु अत्यन्त दु:खदपुर्ण अवस्था रहेको भन्दै तत्काल निर्वाचनको वातावरण तयार गर्न सरोकारवाला पक्षलाई आग्रह गरे । विशेष अतिथि अनेरास्ववियुका केन्द्रिय सदस्य भरतमान कोने गुरुङले पञ्चायतलकालीन अवस्थामा समेत नरोकिएको स्ववियु निर्वाचन गणतन्त्र स्थापनापछि रोकिनु अत्यन्त आपत्तिजनक रहेको बताए । जनआन्दोलनमा अघिल्लो मोर्चामा रहेर लडेका विद्यार्थीहरुको एकमात्र साझा माग पुरा गर्नु दलहरुको दायित्व भएको उनको भनाई छ । सो अवसरमा पञ्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेल, एमाले कास्की क्षेत्र नं. २ सचिव पूर्ण ह्योल्मो, अनेरास्ववियु भुगोल जिल्ला कमिटी अध्यक्ष शेखर गौतम, विद्यार्थी नेताहरु शुशिल बस्नेत, ठाकुर पौडेल, अशोक पौडेल, क्याम्पस जिल्ला कमिटी सहसचिव शंकर सैंजु, भुगोल जिल्ला कमिटि सदस्य माधव गौतम लगायतको आतिथ्यता रहेको थियो ।

टोल विकास नगर समन्वय समितिको भ्रमण

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

टोल विकास संस्था नगर समन्वय समिति पोखराको ३ दिने अधययन अवलोकन भ्रमण लमजुङ जिल्लाको घलेगाउँ, काउलेपानीको होमस्टे संचालनको व्यवस्थापनका साथै पर्यटकीय क्षेत्र बन्दिपुरको भ्रमण सफलतापूर्वक सम्पन्न गरी भ्रमण टोली फिर्ता भएको छ ।

भ्रमण टोलमा पोखरा नगर क्षेत्रभित्र रहेका १८ वटा वडाका वडा समन्वय समितिका अध्यक्ष, महिला नगर समन्वय समितिका अध्यक्ष, नागरिक मञ्च पोखराका संयोजक, वडा नागरिक मञ्च महिला समूह लगायत १९ जनाको टोली सहभागी भई होमस्टे संचालनको अवधारणा विषयमा छलफल गरी पोखरा क्षेत्रमा होमस्टे संचालनमा टोल विकास संस्थाले गर्नुपर्ने भूमिकाको र व्यवस्थापनको बारेमा छलफल गरिएको र उक्त होमस्टे संचालन गर्न नेपाल सरकार, पर्यटन बोर्ड, नगरपालिकाको समेत सहयोगको आवश्यकता रहने घले गाउँका होमस्टे पर्यटन कार्यालयका सचिव दीर्घ घले र काउलेपानी होमस्टेका सचिव जगत गुरुङ्गसँगको छलफल गरिएको संस्थाका कोषाध्यक्ष एवम् कार्यक्रमको संयोजक सम्मर बहादुर श्रेष्ठले बताए।

३ दिने होमस्टे अध्ययन अवलोकन भ्रमणमा टोल विकास संस्था र नगर महिला समन्वय समितिको काउलेपानीको गाउँशहर पर्यटन विकास कार्यालयको सभाहलमा संयुक्त बैठक बसी पोखरा उप-महानगरपीलका कार्यालयलाई ग्याँस कार्ड, अव्यवस्थित पार्किङ र शुल्क, नक्शापास जस्ता कार्य सरसफाईको व्यवस्था लगवायत जनताका कामकाजमा छिटो छरितो काम गर्न सुझाव पेश र्ग उक्त बैठकले निष्कर्ष निकालिएको उक्त भ्रमणले गाउँ गाउँको भ्रमण गरी गाउँमा गाउँलेहरु मिलि विकासका कार्य समेत व्यवस्थित होमस्टे संचालन गरेको भ्रमणमा सहभागी अधिकांश सदस्यहरु बताउँछन् । साथै पोखराको टोल विकास र नगरपालिकाका राम्रा कार्यमा सधैं साथ दिँदै जाने समेत प्रतिवद्धता गरिएको थियो ।

अध्ययन अवलोकन भ्रमणले गाउँगाउँका गाउँलेहरु मिलेर पर्यटन प्रवर्द्धनमा लागि परेको प्रत्यक्ष देखी पोखरेली पनि त्यस्ता कार्यमा लागि पोखरालाई नमूनाको रुपमा चिनाउन आवश्यक रहेको उक्त भ्रमणले शिक्षँ दिएको संस्थाका सचिव प्रकाश पौडेलले बताए । टोलीमा टोल विकास संस्था नगर समन्वय समिति पोखराका अध्यक्ष उज्वल खत्री, महिला नगर समन्वय समति पोखराका अध्यक्ष पवित्रा गुरुङ्ग, नागरिक निगरानी समिति पोखराका संयोजक राममोहन आचार्य लगायत नगर समन्वय समितिका पदाधिकारीहरुले भ्रमण सफलता पूर्वक सम्पन्न भएको बताउँदै नगर विकासको लागि टोल विकास संस्थाको भूमिका अति महत्वपूर्ण हुने भएकोले नगरपालिकासँग समन्वय गरी अगाडि बढ्नुपर्नेमा जोड दिए । उक्त भ्रमणको समीक्षा कार्यमा कोषाध्यक्ष एवम् कार्यक्रम संयोजक सम्मरबहादुर श्रेष्ठले आयव्यय समेत प्रस्तुत गरेका थिए ।

नेपाल १८० नम्बरमा

पोखरा २४ वैशाख ।

विश्व फुटबल महासङ्घ (फिफा) वरियतामा नेपाल एक स्थान तल झर्दै १८०औं स्थानमा पुगेको छ । विश्व फुटबलको सर्वोच्च निकाय फिफाले बिहीबार सार्वजनिक गरेको वरियतामा गत महिनाको तुलनामा नेपाल एक स्थान तल झरेको हो । नयाँ वरियताअनुसार दक्षिण एसियामा माल्दिभ्स शीर्ष स्थानमा छ भने भारत दोस्रो, बङ्गलादेश तेस्रो स्थानमा छ । माल्दिभ्स १६०औं स्थानमा रहँदा, भारत १६२औं रहेको छ । यसैबीच बङ्गलादेश १७८औं स्थानमा छ । दक्षिण एसियामा नेपालभन्दापछि रहेका भुटान १८६औं, श्रीङ्लका १८७औं र पाकिस्तान १९०औं स्थानमा छन् । नयाँ बरियतामा अर्जेन्टिना शीर्ष स्थानमा रहँदा, बेल्जियम दोस्रो, चिली तेस्रो तथा कोलम्बिया चौंथो स्थानमा यथावत् छन् ।

फुटको...

एमाओवादीसँग एकता गर्न केहि महिनादेखि पार्टी भित्र चर्को दवाव दिँदै आएको थियो। तर सिद्धान्त निष्ठ मानिएका वैद्यले 'के का लागि एकता?' भन्ने प्रश्न उठाउँदै आएका थिए। 'शक्तिको फोहोरी संसदीय' अभ्यास गर्नका निम्ति एकता गर्ने र राजनीति गर्ने भए त्यबाट 'जनयुद्ध'को अपमान हुने उनको तर्क छ।

तर आफ्नो पार्टीले राजनीतिमा अस्तित्व नै बेहोर्नु परेको स्थितिमा एकताको विकल्प नभएको धेरै नेताहरुको तर्क छ। पार्टी नेता देव गुरुङ, बादल र कुल प्रसाद केसीका समूहहरु एकताको पक्षमा छन्। उनको पार्टी भित्र पनि एकता हुनुपर्छ भन्नेहरुको भारी बहुमत छ। तर अध्यक्ष वैद्य बिना नै एकता गर्न भने धेरै केन्द्रीय सदस्यहरु तयार छैनन्। एकता पक्षधर न्यौपानेले भने, 'अध्यक्ष बाहेक नयाँ पार्टी गठन गरेर एकता प्रकिया सुरू गर्दा हामी बहुमतमा हुन्छौं वा हुन्नौं भन्ने टुंगो छैन। अब २८ गते नै थाहा हुन्छ।'

१९९ सदस्यको केन्द्रीय समितिमा आफ्नो बहुमत पुगे पार्टीको नाम बादल नेतृत्वको बिद्रोही समूहले लिनेछ र त्यसपछि पुष्पकमल दाहाल नेतृत्वको एमाओवादीसँग एकता प्रक्रिया बढाउने छ। बहुमत नपुगे छुट्टै नाम राखेर एकता प्रक्रिया सुरू हुनेछ। त्यसपछि एकता प्रक्रियामा मणि थापा र मात्रिका यादव समूहहरु पनि सामेल हुनेछन्।

सडक बालकहरूलाई न्यानो कपडा वितरण

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

युवामाझ चर्चित फेसबुक समुह मेन्स रुम रिलोडेड (एमआरआर) ले सामाजिक उत्तरदायित्व वहन गर्दै विभिन्न गतिविधि गर्नेक्रममा विहीबार पोखराका सडक बालकलाई कपडा वितरण गरेको छ । पोखराकै सडक बालकसँग 'भोकालाई मानो, नाङ्गोलाई न्यानो' अभियान सम्पन्न गरिसकेको एमआरआर पोखराले उनीहरुलाई नुहाई धुवाई गरिदिएर नयाँ कपडा वितरण गरेको हो । चाईल्ड वेलफेयर स्किम नेपाल (सीडब्लुएसएन), न्युरोडको ज्योति स्ट्रीट प्रोजेक्ट, हिमालयन लाईफ केयर, पृथ्वीचोकको सहयोगमा पोखरा नगरक्षेत्रमा रहेका ५० बढि बालकहरु जम्मा गरी टिसर्ट सहित एक जोरका दरले कपडा वितरण र खाजा खुवाएको एमआरआर पोखरा प्रतिनिधि सूर्य तिमिल्सिनाले जानकारी दिए ।

वितरित टिसर्टमा 'मलाई आत्मसन्नाका साथ बाँच्न देउ' र 'आवाज विहीनको आवाज एमआरआर' लेखिएको छ । उनीहरुसँग आत्मीय सम्बन्ध कायम गर्दै समाजमा पुन:स्थापित गराउने योजनाका साथ एकपछि अर्को सडक बालक लक्षित कार्यक्रमहरु सञ्चालन गरेको एमआरआर पोखराले बताएको छ ।

कार्यक्रम संयोजक समेत रहेका

तिमिल्सिनाले सबैको सहयोगबाट पोखरामा फेरि सामाजिक कार्य गर्न सम्भव भएको बताए । उनले सहयोगी सबैलाई आभार व्यक्त गर्दै यो कार्यमा खटिने पोखरा स्थित एमआरआर मेम्बरहरु पनि धन्यवादको पात्र भएको बताए । एमआरआर कतारबाट १० हजार रुपैयाँ, एआरआर कोरियाबाट छ हजार पाँच सय, हिमचन्द्र ट्रष्टबाट पाँच हजार, जर्मनीमा रहेका नलिना र प्रकाश पौडेलबाट पाँच हजार, डब्लुआरआर मार्फत पारु गुरुङले ८ हजार दुई सय ५० लगायतबाट करिब ३५ हजार रुपैयाँ संकलन भएको तिमिल्सिनाले बताए ।

एमआरआर पोखरामा ४० बढी सक्रिय युवाहरु रहेका छन् । पोखराका विभिन्न सार्वजनिक स्थलमा सरसफाई कार्यक्रममा जुट्ने अर्का मेम्बर सविन न्यौपानेले जानकारी दिए । एमआरआर पोखराले यसअघि 'तान भाई तान आत्मनिर्भरताको शान' भन्ने मूल नाराका साथ नेपाली पहिचान झल्कने ढाका टोपी र गोल्डस्टार जुत्तामा सहभागि हुँदै नाकाबन्दीको विरोधमा डोरीले गाडी तान्ने, बन्द विरुद्ध अब युवाहरु जाग्नुपर्छ भन्दै बन्द विरुद्धको ऱ्याली, पोखराका विभिन्न स्थानमा सरसफाई, शान्ति सद्भाव ऱ्याली आयोजना गरिसकेको छ । समूहमा रहेका विभिन्न ठाउँका युवाहरु एकीकृत भई सामाजिक कार्यहरु गर्दै आएका छन् ।

मालेपाटनबाट अवैध घरेलु मदिरा नियन्त्रण

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ वैशाख ।

वडा प्रहरी कार्यालय बैदामले ठूलो परिमाणमा घरेलु मदिरा नियन्त्रणमा लिएको छ । पोखरा ५ मालेपाटन क्षेत्रमा व्यवसायिक रुपमै मदिरा उत्पादन गर्ने दुई महिला र उनीहरुका साथमा रहेका मदिरालाई नियन्त्रणमा लिईएको कार्यालयले जानकारी दिएको छ । प्रहरीले बुधबार छापा मार्दा करीब २६ सय ५० लिटर मदिरा फेला पारेको हो । 'सात वर्ष अघिदेखि अवैध रुपमा घरेलु मदिरा उत्पादन गर्ने गरेको सुचना पाएपछि हामीले छापा मार्दा ठुलो परिमाणमा मदिरा भेट्यौं', कार्यालयका प्रमुख प्रहरी निरीक्षक मोहनमणि अधिकारीले भने-'मदिरा उत्पादनका सामाग्री तथा कच्चा सामाग्रीहरुलाई पनि हामीले नियन्त्रणमा लिएका छौं ।' लामो समयदेखि ठूलो मात्रामा घरेलु मदिरा उत्पादन गरी पोखराका विभिन्न क्षेत्रमा विक्री वितरण गरेको भन्ने सुचनाको आधारमा प्रहरीले छापा मारेको उनले बताए ।

पक्राउ पर्नेमा रोल्पा घर भई यहाँ डेरा गरी बस्ने ५० वर्षीया फर्की मगर र खोटाङ घर भएकी ४५ वर्षीया सीता राई रहेका छन् । मगरको डेराबाट ५० लिटरको ड्रम १७ वटा, २५ लिटरको र २ सय लिटरको ड्रम एक एक वटा, गरी १४ सय ५ लिटर अवैध मदिरा र उत्पादन गर्ने भाडा बरामद गरिएको छ । यसैगरी, राईको डेराबाट १२ सय ४० लिटर मदिरा र बनाउने भाडा नियन्त्रणमा लिईएको छ । उनीहरुलाई केहि सार्वजनिक

अपराध अन्तर्गत मुद्धा दर्ता गरिएको प्रमुख अधिकारीले बताए ।

प्रमुख अधिकारी चैत २८ गतेदेखि मात्रै बैदाम कार्यालयका प्रमुखका रुपमा आएका हुन् । तीन साताको अवधिमा पाँच फरार अभियुक्तहरु पक्राउ परेका छन् । चार जना ज्यान मार्ने उद्योग र एक जना सार्वजनिक अपराधमा संलग्न अभियुक्त हुन्। उनले आफ्नो जिम्मेवारी क्षेत्रमा शान्ति सुरक्षाका सवालमा कुनै कमजोरी हुन नदिने प्रतिबद्धता व्यक्त गरे । लेकसाईड क्षेत्र महत्वपूर्ण क्षेत्र भएकाले आफु गम्भीर रहेको बताउँदै उनले अवैध गतिविधि भएमा तुरुन्त प्रहरीलाई जानकारी गराउन आग्रह समेत गरेका छन् ।

दलित शक्ति...

दिपक विक, अर्जुन परियार, देविलाल बिक, पुनम सार्की, सुर्यबहादुर परियार लगायत रहेका छन् । भेलामा नयाँ शक्ति नेपालका केन्द्रीय सदस्य तथा प्रदेश नं. ४का संयोजक देवेन्द्र पराजुली, समाजवादी ट्रेड युनियन जिल्ला संयोजक बाबुराम अधिकारी, युवा नेता राजकुमार गुरुङले आ-आफ्नो शुभकामना मन्तव्य राखेका थिएभने कमिटी गठन पश्चात नयाँ शक्ति नेपाल कास्की जिल्ला संयोजक हेम बहादुर पराजुली, केन्द्रीय परिषद सदस्य देवी सुवेदी र रीम बस्यालले नव निर्वाचित सदस्यहरुलाई बधाई तथा शुभकामना दिएका थिए ।

दलित शक्ति नेपालका केन्द्रीय सदस्य शम्भु खाती परियारको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा स्वागत मन्तव्य दलित शक्ति नेपाल कानुन तथा मानव अधिकार विभाग शाखा प्रमुख रमेश सिकेले राखेका थिए । त्यसै गरि कार्यक्रमको संचालन जिल्ला परिषद् सदस्य कर्ण बहादुर नेपालीले गरेका थिए ।

पुरन्चौर गाविसमा सार्वजनिक सुनुवाई

पोखरा २४ वैशाख ।(गोल्डेन)

गाउँ विकास समिति पुरन्चौरको आयोजना तथा रेडियो सफलताको समन्वयमा पुरन्चौरमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो । स्थानीय निकाय र नागरिकका बीच दोहारो संवाद गरि स्थानीयस्तरमा कार्यसम्पादन प्रभावकारी बनाउने उद्देश्यले आयोजित कार्यक्रममा आव २०७२/०७३ मा गाविसले संचालन गरेका कामहरु सार्वजनिक गर्दै स्थनिय सेवाग्राहीहरुको सुझाव र प्रतिक्रिया लिइएको थियो ।

स्थानीय निकायलाइ पारदर्शी, जवाफदेही, उत्तरदायी र जनमुखी बनाइ सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा गाविस सचिव हरि प्रसाद अधिकारीले प्रथम चौमासिक २०७२ साउन देखि कार्तिकसम्म र दोस्रो चौमासिक २०७२ मंसिरदेखि फागुनसम्मका कार्यक्रम सहित आय-व्यय विवरण पेश गरेका थिए । यो आर्थिक वर्षमा गाविसले सामाजिक सुरक्षा र पूर्वाधार विकासका लागि विशेष कामहरु संचालन गरेको थियो ।

कार्यक्रममा उपस्थित स्थानीय नागरिक, वडा नागरिक मञ्चका अध्यक्ष तथा प्रतिनिधि, उपभोक्ता मञ्चका अध्यक्ष तथा प्रतिनिधि, राजनीतिक दलका नेता, गाविस अन्तर्गत काम गरिरहेका विभिन्न संघ-संस्थाका प्रतिनिधिहरुले विकासका एजेण्डाहरुमा एकजुट भएर काम गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

कार्यक्रममा नेपाली कंग्रेस गाउँ इकाइ सभापति दुर्गादत्त बास्तोला, नेकपा एमालेका वडा अध्यक्ष कृष्ण प्रसाद गौतम, एकीकृत नेकपा माओवादीका गाउँ कमिटी उपाध्यक्ष नेत्रनाथ अधिकारी, राष्ट्रिय जनमोर्चाका वडा अध्यक्ष गोविन्द प्रसाद पौडेल, तल्लाकोट स्वस्थ्यचौकी प्रमूख डिल्लीराम दाहाल लगायतले प्रतिवद्धता सहितको मनतव्य व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण रेडियो सफलताका प्रवन्ध निर्देशक दुर्गा अधिकारीले गरेकी थिइन । कार्यक्रममा नौलो घुम्ती नेपालका एलजिएफ कार्यक्रमका संयोजक देबीमाया थापाले बर्हिगमन अभिमत र नागरिक अभिमतको आधारमा तयार पारिएको प्रतिवेदन पेश गरेकी थिइन ।

कार्यक्रमलाइ व्यवस्थित बनाउनका लागि रेडियो सफलताका स्मिता अधिकारीले आचारसंहिता बारे जानकारी गराएकी थिइन ।

के तपाईमा यौनसम्बन्धी समस्या छ ?

पुरूषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।
महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा